का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ फागुन २०८१,
शुक्रबार
14 February, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

सरकारको ७ महिना

# प्रधानमन्त्री नै बेखुस





भोलि के हुने भन्ने त्रास भएपछि कर्मचारीतन्त्रले ठूला योजनामा हस्ताक्षर गर्न हिच्किचाएको देखिन्छ । कार्यसम्पादनमा यसको पनि असर छ

■ **सुरेन्द्र पाण्डे**
उपाध्यक्ष, नेकपा एमाले



सरकारले ल्याएको अध्यादेश सदनबाट अस्वीकृत हुने अवस्था आउँदा नैतिकताका आधारमा प्रधानमन्त्रीले सत्ता छाड्नु उपयुक्त हुन्छ

■ **झलनाथ खनाल**
सम्मानित नेता, नेकपा एस



सरकारमा रहेर विपक्षमा निर्णय गर्नु पार्टीका लागि पनि नैतिक संकट हो । पार्टीका मन्त्रीलाई एक-दुई दिनमा केके गर्नु छ, गर्नुस् भनिसकेको हुँ

■ **महन्थ ठाकुर**
अध्यक्ष, लोसपा

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १ फागुन ।

राजनीतिक स्थिरता, सुशासन र आर्थिक समृद्धिको नारा दिएर कांग्रेस-एमाले गठबन्धन सरकार बनेको ७ महिना भएको छ ।

कांग्रेससँग गठबन्धन बनाएर गत ३० असारमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले चौथो पटक प्रधानमन्त्रीको शपथ लिएका थिए । अघिल्लो गठबन्धन तोड्नका लागि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओलीबीच राजनीतिक स्थिरता, संविधान संशोधनदेखि सुशासनसम्मका ७ बुँदामा सहमति भएको थियो । निकै दिनसम्म गोप्य रहेको ७ बुँदे सहमति प्रधानमन्त्री ओलीले संसद्को रोस्ट्रममै उभिएर जानकारी गराएका थिए ।

सरकार गठनका बेला दिइएको नाराले ७ महिनापछि पनि जनतामा आशा जगाउन सकेको छैन । 'आमजनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्ने, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने र विकास निर्माण अभियानलाई तीव्रता दिने' ७ बुँदे सहमतिको मर्म थियो । तर, यस अवधिमा सरकारले देखिनेगरी कुनै पनि काम अघि बढाउन सकेको छैन ।

प्रधानमन्त्री ओलीले आफ्नै सरकारका कामप्रति असन्तुष्टि व्यक्त गरेका छन् । आममानिसको निराशालाई चिर्दै आशा जगाउने र राजनीतिक स्थायित्वसहित विकास र आर्थिक समृद्धि दिने उद्देश्यअनुरूप मन्त्रालयहरूले कार्यसम्पादन नगरेकामा प्रधानमन्त्रीको असन्तुष्टि छ ।

संसद्को पहिलो ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेबीच गठबन्धन भएर चौथो पटक प्रधानमन्त्री बनेका ओली यस पटक आफ्नो विगतका कार्यकालभन्दा पनि फितलो हुने स्थिति बनेको भन्दै असन्तुष्ट बनेका हुन् । सरकारका कामले गति नपाएकामा चिन्तित प्रधानमन्त्री ओलीले सरकारका सचिवहरूमाथि आक्रोश पोखेका छन् ।

एमालेको हालै सकिएको केन्द्रीय कमिटी बैठकले पारित गरेको राजनीतिक प्रतिवेदनमा समेत पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले अपेक्षित काम हुन नसकेको उल्लेख गरेका छन् ।

'२ मुख्य दलको साझेदारी र अन्य दलहरूसमेतको सहभागितामा बनेको शक्तिशाली सरकारबाट जनताले अझ तीव्र विकास, परिवर्तन र डेलिभरीको अपेक्षा गरिरहेका छन्', ओलीले प्रतिवेदनमा लेखेका छन्, '१ वर्ष बितिसक्दा पनि जाजरकोट र पश्चिम रुकुममा पुनर्निर्माणको काम थालनी नहुनु र असोज दोस्रो साताको बाढीबाट पीडितहरूको पुनर्स्थापना ढिलाइ हुनु सोचनीय विषय हो ।' 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्ने भन्दै सरकारले सुरु गरेका पूर्वाधार निर्माण तथा सेवा प्रवाह सुधारका लागि प्रधानमन्त्री ओली र मन्त्रीहरूबीच गत भदौमा कार्यसम्पादन सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । >>> पृष्ठ २ मा

## लोसपाको चेतावनी

लोसपाले भूमिसम्बन्धी अध्यादेश नसच्याइए सरकारबाट बाहिरिने चेतावनी दिएको छ । अध्यक्ष महन्थ ठाकुरले अध्यादेश सच्याइनुपर्ने पार्टीको निर्णय रहेको बताएका छन् ।

ठाकुरले आफ्नो पार्टीबाट सरकारमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीलाई राजीनामा दिनका लागि तयार रहन पनि निर्देशन दिएका छन् ।

भूमिसम्बन्धी अध्यादेश अस्वीकार गरेपछि अध्यक्ष ठाकुरले मन्त्री भण्डारीलाई राजीनामा दिनुपर्ने अवस्था आउन सक्ने भन्दै १-२ दिनमा केके गर्नु छ, गर्न भनेका हुन् ।

'अध्यादेशका कारण सरकारमाथि नैतिक संकट आएको छ । सरकारमाथि मात्र नभई आफ्नो पार्टी पनि नैतिक संकटमा परेको छ', ठाकुरले भने ।

सरकारमा रहेर विपक्षमा निर्णय गर्नु पार्टीका लागि नैतिक संकट रहेको भन्दै उनले आफूले पार्टीका मन्त्रीलाई १-२ दिनमा केके गर्नु छ, गर्नुस् भनिसकेको बताए ।

ललिता निवास प्रकरण

# नीतिगत निर्णयको ब्याख्या गर्दै सर्वोच्च

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुष्टि गर्दै मुद्दा चलाए पनि केही नेताहरूलाई भने उन्मुक्ति दिएको अख्तियारमाथि नै आरोप छ





**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ फागुन ।

ललिता निवासको सरकारी जग्गा व्यक्तिको बनाउने कार्यमा संलग्न रहेको दाबीसहित पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईमाथि भ्रष्टाचार मुद्दाको सुनुवाइ पूर्ण इजलासमा हुने भएको छ । बिहीबार सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले मुद्दाको सुनुवाइ पूर्ण इजलासमा गर्न आदेश दिएको हो ।

बालुवाटारस्थित ललिता निवासको करिब १४३ रोपनी सरकारी जग्गा गैरकानुनी रूपमा व्यक्तिका नाममा दर्ता गरिएको थियो । यस प्रकरणमा राजनीतिक नेतृत्वदेखि ठूला व्यापारी र मालपोत, नापी कार्यालयका कर्मचारी समेतको मिलेमतो देखिन्छ । यसरी, बालुवाटारको सरकारी जग्गा नक्कली मोही खडा गरेर र विभिन्न कानुनी प्रक्रियाको दुरुपयोग गरी व्यक्तिका नाममा सारिएको थियो ।

यस प्रकरणमा १७५ जनालाई प्रतिवादी बनाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुष्टि गर्दै मुद्दा चलाए पनि केही नेताहरूलाई भने उन्मुक्ति दिएको अख्तियारमाथि नै आरोप छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस प्रकरणमा तत्कालीन प्रधानमन्त्री नेपाल र भट्टराईविरुद्ध मुद्दा नचलाउने निर्णय गरेपछि बरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले उक्त निर्णय बदरको माग गर्दै रिट दायर गरेका थिए ।

न्यौपानेले २९ माघ २०७६ मा सर्वोच्च अदालतमा उनीहरूविरुद्ध रिट दायर गरेका हुन् । निवेदकले नेपाल र भट्टराईलाई ललिता निवासको सरकारी जग्गा व्यक्तिको बनाउने कार्यमा संलग्न रहेको दाबीसहित भ्रष्टाचार मुद्दा चलाउन आदेश माग गरेका थिए ।

अख्तियारले भने नेपाल र भट्टराईले नीतिगत निर्णय मात्र गरेकाले मुद्दा नचलाउने निर्णय गरेको थियो । अनुसन्धान गरे पनि राजनीतिक ननेतृत्वलाई छुट दिनेगरी मुद्दा नचलाउने निर्णय गरेपछि अख्तियारमाथि समेत प्रश्न उठ्दै आएको छ ।

यस प्रकरणमा संलग्नमध्ये सरकारी कर्मचारी र केही राजनीतिक व्यक्तिहरूमाथि कारबाही भए पनि राजनीतिक दबाव र प्रभावका कारण माधव नेपाल, बाबुराम भट्टराई, विष्णु पौडेलगायत नेतालाई उन्मुक्ति दिइएको आमटिप्पणी भइरहेको छ ।

भाटभटेनी सुपरमार्केटका संचालक मीनबहादुर गुरुङ, पूर्व निर्वाचन आयुक्त सुधीरकुमार शाह, कर्मचारीहरू धर्मप्रसाद गौतम, गोपाल कार्की, शिवजी भट्टराई, घमानकुमारी कार्की, बाबुराजा महर्जन, रमेशकुमार पोखरेल, देवनारायण महर्जन, लोकहरि घिमिरे, ध्रुवप्रसाद अर्याल, कृष्णबहादुर राउत, योगराज पौडेल, नारायणदास मिश्र, रुद्रप्रसाद श्रेष्ठ, बालकृष्ण श्रेष्ठ, विनोद पौडेलसहितका व्यक्तिहरू उक्त प्रकरणमा मुछिएका थिए ।

उनीहरूमाथि पक्राउ गरी कारबाही गरिएको थियो । त्यस्तै, शोभाकान्त ढकाल, रामकुमार सुवेदी, विजयकुमार गच्छदार, युक्तप्रसाद श्रेष्ठमाथि अख्तियारले मुद्दा दायर गरेको थियो । तर, उच्च पदस्थ राजनीतिक व्यक्तिहरूको संलग्नताका कारण अनुसन्धान र कारबाही प्रक्रियामा प्रभाव परेको पाइएको छ । >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष


# 'संघको भवन खरिद हजार व्यवसायीको साझा उपलब्धि'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ फागुन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वर्तमान कार्यसमितिले भवन खरिद गरेपछि वैदेशिक रोजगार क्षेत्रमा उत्साह र खुसियाली देखिएको छ । संघलाई आफ्नै स्वामित्वको भवन बनाउन करिब ३२ वर्ष लाग्यो ।

करिब डेढ दशक अगाडि संघका पूर्वअध्यक्ष दानबहादुर तामाङको कार्यकालमा राजधानीको सिनामंगलमा संघको भवन बनाउन करिब साढे ७ आना जग्गा खरिद गरेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन सचिव लक्ष्मणप्रसाद मैनालीबाट शिलान्यास गराउँदासमेत संघको भवन निर्माणको कामले गति लिन सकेन ।

वैदेशिक रोजगार व्यवसायीले नै साउदी र कतार पठाएका कामदारले महेन्द्र राजमार्ग आसपासमा २-३ वटा घर बनाउँदा करिब १ हजारको हाराहारीमा रहेका वैदेशिक रोजगार व्यवसायीले संघका लागि भवन खरिद गर्न आर्थिक दृष्टिकोणले नसक्ने विषय थिएन । तर, परस्परको अविश्वास र किचलोले संघको भवन बन्न सकेको थिएन ।



यस पटक पनि भवन खरिदका विषयमा असहमति व्यक्त नभएका होइनन्, तर संघको वर्तमान कार्यसमितिले ती असन्तुष्टिका आवाजहरूलाई व्यवस्थापन गरेर राजधानीको सिफलमा ६ आना १ पैसा जग्गामा बनेको साढे ३ तले भवन ४ करोड ५३ लाख १४ हजार रुपैयाँमा खरिद गरेर नेतृत्व क्षमता प्रदर्शन गरेको धेरैले टिप्पणी गरेका छन् ।

यस्तो टिप्पणी गर्नेमध्येका एक बरिष्ठ व्यवसायी हुन्- प्याराडाइज इन्टरनेसनल प्रा. लि.का संचालक, संघका पूर्वसल्लाहकार तथा ललितपुर वैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष नवराज के. सी. । व्यवसायी के. सी.ले हाल संघको भवन खरिदका लागि संघका अध्यक्ष राजेन्द्र भण्डारी र कार्यसमिति, सल्लाहकार रघुनाथ पुरीसहित पूर्वअध्यक्षहरू दानबहादुर तामाङ, निर्मल गुरुङ, एल. पी. साँवा लिम्बू, तिलकबहादुर रानाभाट, बलबहादुर तामाङ, हंशराज वाग्ले, दिलप्रसाद पोखरेल, प्रेमबहादुर कटुवाल, विमलप्रसाद ढकाल, रोहन गुरुङ, बरिष्ठ व्यवसायी हेम गुरुङलगायत सबैलाई धन्यवाद दिए । यसरी नै महिला व्यवसायी सीतादेवी देवकोटा, >>> पृष्ठ २ मा

## प्रगतिशील मञ्चले थप भवनका लागि ४७ लाख जुटाउँदै



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भवन खरिदका लागि ५३ लाख ६१ हजार रुपैयाँ सहयोग जुटाएको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले अर्को भवन खरिदका लागि ४७ लाख रुपैयाँ जुटाउने प्रतिबद्धता जनाएको छ ।

संघले भवन खरिद गरेको दोस्रो दिन बिहीबार विज्ञप्ति जारी गरेर मञ्चका अध्यक्ष जनक रावलले वैदेशिक रोजगार व्यवसायीहरूको आर्थिक सहयोगमा संघले आफ्नै प्रशासनिक भवन खरिद गर्नु हर्षको विषय भन्दै सहयोगी व्यवसायीको योगदानको मञ्चले उच्च कदर गरेको बताएका छन् ।

संघको भवन खरिद गर्नका लागि मञ्चबाट पहिलो चरणमा ४७ लाखको चेक र पछि थप आर्थिक संकलन गरी ५३ लाख ६१ हजार रुपैयाँ हस्तान्तरण >>> पृष्ठ २ मा

# कर्मचारीमा पञ्चायतकालीन अभ्यास ब्युँताउने प्रस्ताव



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ फागुन ।

निजामती कर्मचारीमा अतिरिक्त सचिव पद सिर्जना गर्ने प्रस्ताव आएको छ । प्रमुख सत्ता घटक नेपाली कांग्रेसले संघीय निजामती सेवा ऐनमा यस्तो व्यवस्थाको प्रस्ताव गरेका हुन् ।

सरोकारवालाहरूका अनुसार अतिरिक्त सचिव र विशिष्ट सचिव पदको अभ्यास पञ्चायती व्यवस्थामा केही वर्ष भएको थियो ।

२०४६ सालको प्रजातन्त्र पुनर्स्थापनासँगै छाडिएको थियो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानअनुसार बनाउन लागिएको संघीय निजामती सेवा ऐनमा पञ्चायतकालमा अभ्यास भएकै जस्तो अतिरिक्त सचिवको व्यवस्था राख्नुपर्ने प्रस्ताव सांसदहरूले राखेका हुन् ।

नेपाल सरकारका पूर्वसचिव कृष्णहरि बाँस्कोटाका अनुसार २०४२ सालमा पहिलो पटक कर्मचारीमा यो अवधारणा अगाडि आएको थियो । लामो समयसम्म सहसचिव भएर अवकाश पाउने कर्मचारीलाई सचिव भएँ भन्ने भाव दिनका लागि अतिरिक्त सचिव र विशिष्ट सचिवको अवधारणा आएको थियो ।

यो अवधारणाअनुसार कर्मचारीमा उपसचिव, सहसचिव, अतिरिक्त सचिव, बिशिष्ट सचिव र सचिवको पद थियो । सचिवभन्दा माथि महासचिव रहन्छन् । कालान्तरमा कर्मचारीले नै यो व्यवस्था रुचाएनन् । व्यवस्था परिवर्तन भएसँगै अतिरिक्त सचिव र विशिष्ट सचिवको पद खारेज भयो ।

त्यसबेला सहसचिवबाट सिधै सचिव हुन सक्ने सम्भावनालाई ख्याल गरेर कर्मचारीहरूले नै अतिरिक्त सचिवको पद हटाउन वकालत गरेका थिए । तर, अहिले फेरि कतिपय कर्मचारी जो सचिव हुन नसक्ने अवस्थामा छन्, उनीहरू कर्मचारीमा अतिरिक्त सचिव खोजिरहेका छन् ताकि अवकाशमा पुग्दा अतिरिक्त सचिवसमेत हुन पाइयोस् । कर्मचारीमै अतिरिक्त कर्मचारीको दरबन्दी सिर्जना गरिए सिधै सचिव हुने प्रयासमा रहेका सहसचिवहरू यस्तो प्रस्तावको विपक्षमा छन् । संघीय मामिला मन्त्रालयका अनुसार संघीय निजामती सेवा ऐन संशोधन >>> पृष्ठ २ मा



# नेसपा (नयाँ शक्ति)को अध्यक्षमा डा. भट्टराई निर्वाचित



**काठमाडौं/मस–** नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) को अध्यक्षमा डा.बाबुराम भट्टराई निर्वाचित भएका छन् । बिहीबार सम्पन्न पार्टीको प्रथम अधिवेशनबाट प्रतिस्पर्धी नेत्रप्रसाद चापागाईंलाई भारी मतान्तरले पराजित गर्दै भट्टराई अध्यक्षमा निर्वाचित भएका हुन् । निर्वाचन समितिका अनुसार भट्टराईले ७६१ मत प्राप्त गर्दा चापागाईंले ७३ मतमात्रै पाएका छन् ।

गत माघ २९ गते मतदान भएकोमा बिहीबार मतपरिणाम आएको हो । महाधिवेशनमा एक हजार ३२४ जना प्रतिनिधि सहभागी रहेकोमा जम्मा ८२६ मत खसेको थियो ।

उपाध्यक्षमा ईश्वर रिजाल, टेकबहादुर बाठा मगर र उमेश साह निर्वाचित भएका छन्।

साथै उपाध्यक्षमा मानुषी भट्टराई र दुर्गा सोब निर्विरोध निर्वाचित भए । त्यसैगरी महासचिवमा सोनामसिंह स्याङतान, सचिवमा आशाकुमारी तामाङ, लक्ष्मी कार्की सन्देश र भरत दाहाल निर्वाचित भएका छन् ।

पार्टीको पथम राष्ट्रिय महाधिवेशनबाट निर्वाचित पदाधिकारी र सदस्यहरूले बिहीबार शपथ ग्रहण गरेका छन् । नवनिर्वाचित अध्यक्ष डा.भट्टराईलाई निर्वाचन अधिकृतले शपथ ग्रहण गराएका हुन् । महाधिवेशनबाट निर्वाचित अध्यक्ष भट्टराईले नवनिर्वाचित पदाधिकारी र सदस्यहरुलाई शपथ ग्रहण गराएका थिए ।

# प्रहरीमाथि कुटपिट गरेको आरोपमा अनेरास्ववियुका नेता जोशी पक्राउ



**काठमाडौं/मस–** काठमाडौं ठमेलमा प्रहरीमाथि कुटपिट गरेको आरोपमा अनेरास्ववियुका नेता कमलराज जोशी पक्राउ परेका छन् । प्रहरीले नेता जोशीलाई बिहीबार पक्राउ गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंले नयाँ बानेश्वरबाट जोशीलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

गत २४ माघ गते राति ठमेलमा ड्यूटीमा खटिएका दुई जना प्रहरीमाथि कुटपिट भएको थियो । सो घटनापछि जोशी फरार थिए ।

घटना हुँदा जोशीसँगै रहेका पाँच जनाविरुद्ध भने पक्राउ पुर्जी जारी भएको थियो । तर उनलाई चाहिँ उन्मुक्ति दिएको भन्दै चौतर्फी आलोचना भएको थियो । उक्त घटनामा यसअघि ताप्लेजुङका दिनेश सिग्देल र डडेल्धुराका रमेश फुलारा पक्राउ परेका थिए ।

# रुकुम पूर्वको सुर्पा गाउँमा बल्यो बिजुली



**रुकुम पूर्व/मस–** रुकुम पूर्वको स्याला सुर्पा गाउँमा बिजुली बत्ती बलेको छ । भूमे गाउँपालिका-६ मा पर्ने स्याला सुर्पा गाउँमा पहिलो पटक नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रसारण लाइन पुगेको हो ।

अहिलेसम्म पनि बिजुली नपुगेको उक्त गाउँमा ५० केभीएको ट्रान्सफर्मर जडान गरी करिब ६० वटा घरधुरीमा बत्ती बाल्न सफल भएको नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र रुकुम पूर्वका कार्यालय प्रमुख प्रमोद खनालले बताए । गाउँपालिका-८ कोर्जामा बत्ती भरपर्दो नभएपछि सोही ट्रान्सफर्मरबाटै करिब १ सय घरधुरीलाई पुग्ने गरी लाइन विस्तार गरिएको छ । गाउँमा बत्ती बलेपछि स्थानीय खुसी भएका छन् ।

पछिल्लो समय रुकुम पूर्वको विभिन्न गाउँहरूमा नेपाल विद्युत प्राधिकरणको लाइन विस्तारको काम भइरहेको भए पनि ईआईबी आयोजना अन्तर्गत सालासार र इथोस कम्पनीहरूले काममा ढिलासुस्ती गर्दा सबस्टेशन तथा विद्युतको लाइन विस्तारको काममा ढिलाइ भइरहेको छ ।

## प्रधानमन्त्री...

त्यस बेला मुख्यगरी मन्त्रालयहरूबाट हुने विकास निर्माण र सरकारी सेवा प्रवाहमा भइरहेको ढिलासुस्तीको कारण पत्ता लगाई निराकरण गर्न र कामको गति बढाउन प्रधानमन्त्री ओलीले मन्त्रीहरूलाई निर्देशन दिएका थिए । तर, उक्त सम्झौतासमेत अहिलेसम्म कार्यान्वयन भएको छैन ।

सत्तारूढ कांग्रेस-एमालेले नै यो अवधिमा सरकारले अपेक्षित काम गर्न नसकेको निष्कर्ष निकालेका छन् । प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)लगायत दलहरूले पनि सरकार असफल हुने बाटोमा अघि बढेको आरोप लगाइरहेका छन् ।

एमालेको केन्द्रीय कमिटी बैठकमा सरकारले अपेक्षाकृत काम गर्न नसकेको भन्दै आलोचना भएको थियो । सरकारको कामलाई प्रभावकारी र गतिशील बनाउन बैठकले सुझाव पनि दिएको थियो । बैठकले विकासको काम सुस्त भएको र न्यून आर्थिक वृद्धि भएको भन्दै प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराएको थियो । तर, पार्टीले गराएको ध्यानाकर्षण पनि कार्यान्वयन भएको छैन ।

'अहिले कम्तीमा स्थिर सरकार छ तर कर्मचारीतन्त्रमा यसको बुझाइ देखिएन, उनीहरूमा एक प्रकारले त्रास देखिन्छ', एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेले भने, 'भोलि के हुने भन्ने त्रास भएपछि कर्मचारीतन्त्रले ठूला योजनामा हस्ताक्षर गर्न हिच्किचाएको देखिन्छ । कार्यसम्पादनमा यसको पनि असर छ ।'

हालै बसेको माओवादी केन्द्रीय समिति बैठकले पनि कांग्रेस-एमाले गठबन्धन सरकार सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य हासिल गर्न चुकेको निष्कर्ष निकालेको हो । 'गठबन्धन बनेको ७ महिना भए पनि यो सरकार असफलतातिर गएको छ । सरकारको गैरजिम्मेवार कामप्रति हामी खबरदारी गर्दै आएका छौं', माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले भने ।

### कागजमै सीमित घोषणा

कांग्रेस-एमालेले अर्थतन्त्र चलायमान बनाउने, सुशासन कायम गर्नेदेखि संविधान संशोधन गर्नेसम्मको लक्ष्य सार्वजनिक गरेको छ । तर, २ दलबीच भएको सहमतिअनुसार सरकारले काम गर्न नसकेको स्वयं सत्ता गठबन्धनका दलहरूको टिप्पणी छ । गठबन्धन सरकार बने पनि जनताले परिवर्तनको महसुससमेत गर्न पाएका छैनन् ।

राजनीतिक स्थिरता र संविधान संशोधन गर्ने भनिएकामा अहिलेसम्म त्यसबारे औपचारिक छलफलसम्म भएको छैन । अझ पछिल्ला दिनमा प्रधानमन्त्रीले दिएका अभिव्यक्ति सुन्दा संविधान संशोधनको मुद्दाबाट सरकार पूरै पछि हटेको जस्तो देखिँदै छ ।

६ महिनासम्म देशको पुँजीगत खर्च १५ प्रतिशतभन्दा माथि जान सकेन । सरकार गठन हुने समयमा ५ दशमलव ४४ प्रतिशत रहेको महँगी बढेर अहिले ६ दशमलव ०५ प्रतिशत पुगेको छ । यसले अर्थतन्त्र चलायमान हुन नसकेको स्पष्ट देखिन्छ ।

सुशासन र सेवा प्रवाहको अवस्था कमजोर छ । सरकारका संयन्त्रले काम गर्न नसक्दा बाह्य संयन्त्र र कार्यदल गठन गरेर सरकार त्यसकै वरिपरि घेरिएको छ । जनताले न सहज सेवाको अनुभूति गर्न पाएका छन्, न त सुशासनको प्रत्याभूति नै पाएका छन् ।

सरकार र विपक्षी दलहरूबीचको दुरी बढ्दै गएको छ । ६ वटा अध्यादेश ल्याएर सत्ता गठबन्धन र सरकारलाई समर्थन गर्ने दलहरूबीच पनि दुरी बढेको छ ।

कांग्रेस र एमालेले भनेका संविधान संशोधनलगायतका एजेन्डा केवल सत्ताका लागि भएको पुष्टि भएको प्रमुख प्रतिपक्षीको भनाइ छ ।

'राज्यका सबै निकायमा चरम हस्तक्षेप बढिरहेको छ । भ्रष्टाचारको मुद्दामा दोषी करार भएका र मुद्दा चलेका मान्छेबाटै दान लिनेजस्ता असाध्य अस्वाभाविक कुरा भइरहेका छन्', प्रवक्ता सापकोटाले भने ।

सरकारले काम गरिरहेको दाबी गरिरहे पनि विश्लेषकहरू त्यो मान्न तयार छैनन् । सरकारले समाजको गति बुझ्न नसकेको, आन्तरिक रूपमा मात्र नभएर कूटनीतिक क्षेत्रमा समेत सन्तुलन कायम गर्न नसकेको बुझाइ उनीहरूको छ ।

२ ठूला दल मिलेर बनेको गठबन्धन सरकारले ७ महिनासम्म अलमलमै बिताउँदा आगामी दिनमा पनि लय समाउला भन्ने ठोस आधार देखिएका छैनन् ।

### अध्यादेशले संकट

सरकारले संसद्को हिउँदे अधिवेशनअघि ६ वटा अध्यादेश ल्यायो । तीमध्ये भूमिसम्बन्धी अध्यादेशमा सत्तामा रहेको लोसपा र सरकारलाई समर्थन गरेको जनता समाजवादी पार्टी, नेपालले असन्तुष्टि जनाउँदै स्वीकार गर्न नसकिने निर्णय गरेका छन् । लोसपा र जसपा नेपालले अध्यादेशमा समर्थन नगरेपछि सरकार अप्ठ्यारोमा परेको छ ।

प्रतिनिधिसभामा सरकारसँग स्पष्ट बहुमत छ तर राष्ट्रियसभामा बहुमतको अभावले अध्यादेश पारित हुन सक्दैन, जसका लागि सरकारले ३ सांसद संख्या भएको जसपा नेपालको भर पर्नुपरेको छ । जसपा र लोसपाले अन्य ५ अध्यादेशमा विरोध नगरे पनि भूमिसम्बन्धी अध्यादेशमा आपत्ति जनाउँदै समर्थन नगर्ने भनिसकेका छन् ।

आफैंले ल्याएको अध्यादेश पारित नहुने स्थितिमा पुगेपछि प्रधानमन्त्री ओलीसहित सत्ता गठबन्ध नै अप्ठ्यारोमा छ ।

संसद्बाट अध्यादेश पारित गर्ने सामान्य बहुमतसमेत सुनिश्चित नगरी केका आधारमा यी अध्यादेश ल्याइयो भन्ने विषयमा कांग्रेस र एमाले दुवै दलभित्रबाट आलोचनाका स्वर सुनिन थालेका छन् ।

नेकपा एसका सम्मानित नेता झलनाथ खनाल सरकारले ल्याएको अध्यादेश स्वीकृत नहुने अवस्थामा प्रधानमन्त्री ओलीले पदमा बसिरहन नसुहाउने बताउँछन् । सरकारले ल्याएको अध्यादेश सदनबाट अस्वीकृत हुने अवस्था आउँदा नैतिकताको आधारमा प्रधानमन्त्रीले सत्ता छाड्नु उपयुक्त हुने खनालको भनाइ छ ।

## नीतिगत...

राजनीतिक दबाबले न्यायिक प्रक्रियामा अवरोध सिर्जना गरिएको बताइएको छ । माधव नेपाल मन्त्रिपरिषद्ले २९ चैत २०६६, ३१ वैशाख २०६७ र २८ असार २०६७ मा ३ वटा निर्णय गरेको थियो ।

ती निर्णयहरू बदनियतपूर्ण गरिएका र कानुनी दृष्टिबाट त्रुटिपूर्ण रहेका बरिष्ठ अधिवक्ता न्यौपानेले दाबी गरेका छन् । त्यस्तै, प्रधानमन्त्री भट्टराई हुँदा १८ असोज २०६९ मा भूमिसुधार मन्त्रालयबाट आएको प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरेको थियो ।

मन्त्रिपरिषद्को उक्त निर्णयले नेपाल सरकार समरजंग कम्पनीका नाममा भएको ३ रोपनी १२ आना जग्गा 'पशुपति टिकिन्छा गुठी'का नाममा दर्ता गर्न स्वीकृति दिएको थियो । उक्त नीतिगत निर्णय गर्नेमाथि कारबाही गर्नुको सट्टा उन्मुक्ति दिनु अख्तियारको समेत कमजोरी भएको सम्बन्धित सरोकारवालाले बताएका छन् ।

उनीहरूमध्ये जग्गा अपचलनको मुख्य योजनाकारको आरोप लागेका शोभाकान्त ढकालमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको थियो । त्यस्तै, रामकुमार सुवेदीलाई ढकालसँग मिलेर जग्गा अपचलनमा संलग्न रहेको आरोपमा मुद्दा दायर गरिएको थियो । कांग्रेसका नेता विजयकुमार गच्छदारलाई अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरे पनि विशेष अदालतले सफाइ दिएको थियो । पूर्व नायब सुब्बा युक्त श्रेष्ठ भने यस प्रकरणमा संलग्न रहेको आरोप लागेपछि अनुसन्धानकै क्रममा आत्महत्या गरेका थिए ।

यो प्रकरणमा वर्तमान अर्थमन्त्रीसमेत रहेका एमालेका उपाध्यक्ष विष्णु पौडेलका छोरा नवीन पौडेलको नाममा ८ आना जग्गा पास भएको थियो । विष्णु पौडेलले आफ्नो र परिवारको संलग्नता नरहेको दाबी गर्दै आएका छन् ।

## 'संघका...

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, तराई वैदेशिक रोजगार व्यवसायी समाज, वैदेशिक रोजगार व्यवसायी तमुधि समाज, नेपाल वैदेशिक रोजगार व्यवसायी सामाखुसी एकता समाज, किरात राई वैदेशिक रोजगार व्यवसायी समाजसहित व्यवसायीका जातीय, भेगीय सबै संघसंस्था, आफूसहित ललितपुर वैदेशिक रोजगार व्यवसायी समाजलगायत सबैले उल्लेख्य सहयोग र योगदान गरेकाले सबै धन्यवादका पात्र रहेको टिप्पणी गरे ।

संघले भवन खरिद गरेपछि संघका स्वर्गीय पूर्वअध्यक्ष सोमलाल बाटाजु, विष्णु गैरेले देखेको सपना पनि पूरा भएको भन्दै व्यवसायी के.सी.ले भवन खरिदमा प्राप्त सफलता सम्पूर्ण व्यवसायीको साझा उपलब्धि रहेको बताए ।

उनले त्यसलाई साझा प्रयत्नको परिणामका रूपमा लिनुपर्ने र थप उपलब्धिका लागि एकताबद्ध भएर अघि बढ्नुपर्ने सन्देश रहेको टिप्पणी गरे ।

संघको नाममा भवन रहेको लालपुर्जा प्राप्त भएपछि संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्रीले संघको भवन खरिदका लागि हालसम्म ४ करोड १० लाख संकलन भए पनि भवन राजीनामा पास गरी लिन ४ करोड ५३ लाख १४ हजार खर्च हुँदा ४३ लाख १४ हजार रुपैयाँ सापटी लिएको बताएका छन् ।

उक्त भवनका लागि मध्यान्ह राष्ट्रिय दैनिकले पनि १ लाख ११ हजार १११ रुपैयाँ सहयोग गरेको थियो । खत्रीले भवन खरिदका लागि सबै व्यवसायीको उल्लेख्य योगदान रहेको भन्दै व्यवसायीको सम्मानका लागि नाम सार्वजनिक गर्ने बताएका छन् ।

संघको नाममा जग्गाको लालपुर्जा प्राप्त भएपछि वैदेशिक रोजगार व्यवसायीले सामाजिक संजालमार्फत खुसी र बधाई साटासाट गरिरहेका छन् ।

## प्रगतिशील...

गरिसकेको भन्दै अध्यक्ष रावलले संघको भवन खरिदका लागि ४७ लाखको चेक हस्तान्तरण गर्दा कतिपयले खिसिटचुरी गरे पनि मञ्चले आफ्नो इमानदारी र प्रतिबद्धता व्यवहारमा नै प्रमाणित गरेको टिप्पणी गरे ।

अध्यक्ष रावलले संघले हाल खरिद गरेको भवनको अगाडि अर्थात् मोहोडाको घरसमेत खरिद गर्ने प्रक्रियामा रहेकाले उक्त घर किन्नका लागि सम्पूर्ण व्यवसायीलाई सहभागी हुन अनुरोध गरे । उनले प्रतिबद्धता जनाएको रकम मञ्चले यथाशक्य छिटो संघलाई उपलब्ध गराउने पनि बताएका छन् ।

## कर्मचारीमा

विधेयकको मस्यौदामा अतिरिक्त सचिव पद रहने समावेश थियो । तर, कर्मचारी भित्रको २ खाले मतका कारण यो विधेयकमा समेटिएन ।

विधेयकमा नसमेटिए तापनि कांग्रेस सांसदहरूले अतिरिक्त सचिवको पद आवश्यक रहेको भनेर संशोधन हालेका छन् ।

कांग्रेस संसदीय दलको अनुशासन समितिका संयोजक दिलेन्द्रप्रसाद बडूसहितका सांसदहरू अञ्जनी श्रेष्ठ, सीताकुमारी राना, चन्दा चौधरी, आशा विक, सरस्वती बजियम, माया राई, मैना कार्की र रामनाथ अधिकारीलगायतले निजामती सेवा विधेयकमा अतिरिक्त सचिव पद राख्नुपर्ने भनेर संशोधन हालेका हुन् ।

अन्य राजनीतिक दलका सांसदहरू भने यस्तो प्रस्तावमा मौन छन् । बिहीबार राज्य व्यवस्था तथा सुशासन समितिमा नेकपा एमाले, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)का सांसदहरूले अतिरिक्त सचिव पदको प्रस्तावको विरोध गरे ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कर्मचारीहरूमा अतिरिक्त सचिवको सम्बन्धमा कर्मचारीतन्त्रमै एकमत छैन । तथापि, पक्ष र विपक्षमा बहस जारी छ ।

अतिरिक्त सचिवको पद सिर्जना गरिए ७० जनाभन्दा बढी बरिष्ठ सहसचिव ऐन जारी हुनेबित्तिकै अतिरिक्त सचिव बन्न सक्ने छन् । तीमध्ये केही नयाँ पदको पक्षमा छन् भने केही सिधै सचिव हुने लबिइङमा छन् । यो विषयमा संसदीय समिति निर्णयमा पुगेको छैन ।

निजामतीमा रहेको श्रेणीगत व्यवस्था हटाएर तहगत संरचनामा जाने विषयमा भने दलहरू सहमत भएका छन् । समिति सभापति रामहरि खतिवडाका अनुसार तहगत जाने विषयमा सबै सहमत छन् । अतिरिक्त सचिव पद ब्युँताउने विषयमा भने थप छलफल हुने छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८१/११/०२

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Jalajala Recruitment Pvt.Ltd.** (इ.प.नं.१२२४/०७४/७५) को **साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २९ परिवर्तन गरी काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ७** कायम गर्न माग भई आएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## अजयमेरु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भद्रपुर, डडेल्धुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**शिलबन्दि दरभाउपत्र सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८१/११/२**

यस अजयमेरु गाउँपालिकाबाट मिति २०८१/१०/१३ गते प्रकाशित शिलबन्दि दरभाउपत्र न procurement of Sanitary Pad for School Giris. शिलबन्दि दरभाउ पत्र नं. ARM/SQ/G–01/2081/2082 मा २ वटा शिलबन्दि दरभाउ पत्र मात्र पेश भएको हुदा सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८४ (३क) प्रयोजनका लागि दोसो पटक प्रकाशित शिलबन्दि दरभाउपत्र सम्बन्धी सूचनाको बिस्तृत विवरण यस कार्यालयको वेबसाइट http://www.ajayamerumun.gov.np http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**कतारमा रोजगारको अवसर**
कम्पनी: Lassarat Contracting and Trading WLL पूर्व स्वीकृत मिति : २०८०/११/०६
शहर : Doha पुन: विज्ञापन चलानी नं.: ६०२१५१२५ LT. No.: 300185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 12 | 0 | स. काममा दक्ष | 1000 | ३८,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८१ कार्तिक ०९ गते (21 Feb. 2025) मा हुनेछ ।

White Gloves International Pvt. Ltd
P.O.Box No.: 9688, Samakhusi, Kathmandu , Tel.: 01-4964953
Mob.: 9860114382, 9851278676, 9851276684, Email: whitegloves1060@gmail.com
Govt. Lic. No. 1060/073/074

**युएईमा रोजगार**
कम्पनी: PRESTIGE VALET PARKING SOLE PROPRIETORSHIP
पूर्व स्वीकृत मिति: २०८१/०१/१४ चलानी नं.: ६०२१८७४३ L.T. No.: 303914
शहर: UAE पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Valet Parking Drivers | 87 | 0 | स. काममा दक्ष | 1500 | ५६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466. Mobile No: 9802090466.
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

**कतारमा रोजगार**
कम्पनी: Abna' Almisnad शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८१/११/०१ चलानी नं.: ६०२३२९९३ LT. No.: 315258

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

डेष्टिनि ह्युमेन रिसोर्स नेपाल प्रा. लि.
श्रम ईजाजत नं. ७८९/०६५/०६६
सुविधानगर, तिनकुने, काठमाडौं, फोन.: ०१-५१०४६३२, ५१०४६३४, E-mail: humandestiny53@gmail.com

**साउदीमा रोजगार**
कम्पनी: Danube Co. for Maintenance & Cleaning शहर:Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/११/०१ चलानी नं.: ६०२३२९८७ LT. No.: 318879

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 100 | 0 | स. काममा दक्ष | 1200 | ४४,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Danube Co. for Maintenance & Cleaning शहर:Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/११/०१ चलानी नं.: ६०२३२९८६ LT. No.: 318880

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 50 | 0 | स. काममा दक्ष | 1200 | ४४,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com

# रासायनिक मलको अभाव हुन नदिन र कालोबजारी रोक्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले किसानलाई रासायनिक मलको अभाव हुन नदिन र कालोबजारी रोक्न ठोस कार्ययोजना अघि बढाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएका छन् ।

मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न विषयमा बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ब्रिफिङ लिँदै प्रधानमन्त्री ओलीले मल आपूर्ति र वितरणलाई छिटोछरितो र पारदर्शी बनाउँदै किसानलाई सधैं समस्या हुने अवस्था अन्त्य गर्न निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री ओलीले कुनै देशलाई नभइ नेपाली जनतालाई खुसी पार्ने गरी स्वदेशमै मल उद्योग स्थापनाको तयारी र प्रांगारिक मलको प्रयोगमा पनि प्राथमिकता दिने नीति ल्याउन आग्रह गरे। उनले रासायनिक मलका लागि समयमै बोलपत्र गर्न, तराईमा १० दिन, पहाडमा १५ दिनभन्दा बढी समय नलगाइ वितरण गरिसक्न पनि आग्रह गरे ।

मन्त्रालयका अनुसार वार्षिक पाँच लाख ५० हजार मेट्रिक टन मलका लागि रु २७ अर्ब ९५ करोड रकम विनियोजन गरिएको छ। हालसम्म दुई लाख ४० हजार मेट्रिक टन मल आयात भएको छ भने गत वर्षको मौज्जादसमेत गरी दुई लाख ६३ हजार मेट्रिक टन बिक्री भइसकेको छ । यस्तै हाल ३० हजार मेट्रिक टन युरिया मल आयात हुने क्रममा रहेको छ। अन्तर्राष्ट्रिय बजारमा युरिया मलको मूल्य बढ्दै गएकाले आयातकर्तासँग सम्झौता भइसकेको मल आपूर्ति हुन समस्या हुने र ग्लोबल टेण्डरका लागि ४५ दिनसम्मको अवधि दिनुपर्ने कानुनी व्यवस्थाले समस्या हुने गरेको मन्त्रालयले ब्रिफिङ गरेको छ।

प्रधानमन्त्री ओलीले कृषिको आधुनिकीकरण गर्दै उत्पादकत्व बढाउने खालको कृषि नीति बनाउन र विद्यमानरुपमा अनावश्यक भएका संरचनाहरु थप गरी स्रोत साधनको उपयोगिता बढाउन आग्रह गरे । यस्तै आगामी २०८१ चैत २६ र २७ गते काठमाडौंमा हुने बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहकार्यका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) कृषिमन्त्रीस्तरीय बैठकको तयारी भव्यरुपमा गर्न छलफल भएको छ । प्रधानमन्त्री ओलीले यस्ता मञ्चमा सहभागिता प्रभावकारी र वस्तुगत बनाउन तथा नेपालको समृद्धिको अपेक्षा पूरा गर्ने योजनामा सहयोग पुग्ने गरी प्रस्तुत हुन निर्देशन दिए ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कृषिमन्त्री रामनाथ अधिकारी, मुख्यसचिव एकनारायण अर्याल, कृषि मन्त्रालयका सचिवद्वय डा गोविन्द शर्मा र डा.राजेन्द्रप्रसाद मिश्रसमेत सहभागी बैठकमा कृषि लगानी दसक (२०८१-२०९१), राष्ट्रिय कृषि नीति र कृषि विधेयक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, नेपाल कृषि अनुसन्धान परिषद्को पुनः संरचना, मासु निर्यातका लागि भैंसी पाडापालन कार्यक्रम, उखु किसानको अनुदान र सहुलियत कृषि कर्जालगायत विषयमा छलफल भएको थियो । प्रधानमन्त्री ओलीले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट प्रधानमन्त्रीको नाम हटाउन पनि स्मरण गराए ।

# सातै प्रदेशमा रास्वपाको ‘सर्वाङ्गीण संवाद’ सुरु



**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सातै प्रदेशमा ‘सर्वाङ्गीण संवाद’ सुरु भएको छ । पार्टीले फागुन महिना भरी केन्द्रीय नेताहरूको उपस्थितिमा सबै प्रदेशमा ‘सर्वाङ्गीण संवाद’ बिहीबारदेखि सुरु भएको हो ।

‘सर्वाङ्गीण संवाद’मा समाजका हरेक क्षेत्रका व्यक्तिहरूसँग भेटघाट र संवाद गरिने छ । ‘सर्वाङ्गीण संवाद’ मा केन्द्रीय नेताहरूले हरेक प्रदेशमा समाजका अगुवा, व्यवसायी, अभियन्ता, लेखक, विज्ञ, लगायतसँग संवाद गर्नेछन् । ‘सर्वाङ्गीण संवाद’मा समाजका हरेक क्षेत्रका व्यक्तिहरूसँग संवाद गरिने गण्डकीका लागि जिम्मेवारी पाएका नेता शिशिर खनालले जानकारी दिए ।

‘संवादको क्रममा सरकारले राखेको राजनीतिक प्रतिशोधको जानकारी गराउँछौं,’ खनालले भने, ‘संवाद र छलफल संगठन निर्माणको कार्यपनि हो ।’

संवादका लागि सुदूरपश्चिममा दिपक बोहरा र प्रतिभा रावल, कर्णालीमा लिमा अधिकारी, लुम्बिनीमा विपिन कुमार आचार्य, गण्डकीमा शिशिर खनाल, वागमतीमा सन्तोष परियार र बसुमाया तामाङ, विराजभक्त श्रेष्ठ र मनिष झा, कोशीमा सुमना श्रेष्ठ र रमेश प्रसाईंलाई जिम्मेवारी दिइएको छ ।

संवादबाट प्राप्त सल्लाह सुझावहरूलाई मूलधारको राजनीति निर्माणको लागि महत्वपूर्ण हुने अपेक्षा रास्वपाले गरेको छ ।

संवादका क्रममा सरोकारवालाहरूले उठाएका विषयमा रहेर खटिएका नेताहरूले केन्द्रमा प्रदेशगत प्रतिवेदन बुझाउने छन् । यस प्रकारको संवाद आवश्यकता अनुसार चरणबद्ध गरिने पनि पार्टीले जनाएको छ ।

# गुल्मीमा हेलिप्याड र पिसपार्क उद्घाटन



**तम्घास/मस–** माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले हेलिप्याड तथा मालिका पिस पार्कको उद्घाटन गरेका छन् ।

बिहीबार मालिका गाउँपालिका-४ अर्खाबाङमा निर्माण भएको हेलिप्याडको अध्यक्ष प्रचण्डले उद्घाटन गरेका हुन्। सोही वडामा निर्माण भएको पर्यटकीय स्थलका रूपमा चर्चित मालिका पिस पार्कको पनि उनले उद्घाटन गरे ।

मालिका गाउँपालिकाका अध्यक्ष देवीराम अर्यालसहितका जनप्रतिनिधि तथा स्थानीय नागरिकहरूको उपस्थितिमा हेलिप्याड तथा पार्कको उद्घाटन गरिएको हो ।

देशका विभिन्न स्थानहरूमा निर्माण भएका हेलिप्याड भन्दा गुल्मीको हेलिप्याड उत्कृष्ट रहेको अध्यक्ष अर्यालले बताए ।

उनले हेलिप्याडबाट विपद् तथा आपतकालीन अवस्थामा यहाँका नागरिकहरूको उद्धार तथा राहतमा ठुलो टेवा पुग्ने विश्वास व्यक्त गरे ।

# मधेश कृषि विश्वविद्यालयमा कर्मचारीले लगाए ताला



**राजविराज/मस–** मधेश कृषि विश्वविद्यालयमा कर्मचारीहरूले ताला लगाएका छन्। ६ महिनादेखि तलबभत्ता नपाएका कर्मचारी तथा उपप्रध्यापकहरूले बिहीबार विश्वविद्यालयमा तालाबन्दी गरेका हुन् ।

राजविराजस्थित विश्वविद्यालयको उपकुलपति, रजिष्ट्रार, प्रशासन शाखा, प्रशासनिक भवनको तथा शैक्षिक भवनको मुलगेटमा ताला लगाइएको छ । भवन शिलान्यासको विषयलाई लिएर विश्वविद्यालयमा भएको विवादबारे छानबिन गर्न मधेस प्रदेश सरकारले छानबिन समिति गठन गरेको थियो। त्यसरी छानबिन समिति गठन गरेपछि शैक्षिक गतिविधिबाहेक अरू कामकारबाहीमा रोक लगाइएको थियो ।

६ महिनादेखि तलबसमेत नपाएका कर्मचारी तथा उपप्रध्यापकहरूले क्षतिपूर्तिसहित तलब सुविधाको माग गर्दै तालाबन्दी गरेका उपप्राध्यापक अविनाशकुमार यादवले बताए । उनले भने, ‘मधेस सरकारलाई पटक पटक कृषि विश्वविद्यालयको समस्याबारे जानकारी गराउँदा बेवास्ता गरेकाले बाध्य भएर आन्दोलनमा उत्रिनु परेको छ ।’

जसपा नेपाल नेतृत्वको प्रदेश सरकारले २७ मंसिर २०७८ मो मधेस कृषि विश्वविद्यालयको स्थापना गरेको थियो । नयाँ भवन जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले शिलान्यास गरेपछि विवाद उत्पन्न भएको हो ।

जनमत पार्टी नेतृत्वको वर्तमान सरकार विश्वविद्यालयलाई धराशायी बनाउन लागेको जसपा नेपालका नेताहरूको गुनासो छ ।

विश्वविद्यालयमा ४ वर्षे कृषि स्नातकमा अध्ययनरत १ सय विद्यार्थी छन् । यो चालु शैक्षिक सत्रका लागि ५० जना विद्यार्थी भर्ना लिने सूचना भएको थियो । आवेदन भने १ सय १० को परेको थियो । तर, विवादका कारण परीक्षा लिन नसकेपछि भर्ना प्रक्रिया नै रोकिएको छ। अरू सबै गतिविधिसमेत ठप्प छन् ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Trikon Management Services Pvt. Ltd. (**श्रम इजाजत पत्र नं. ५०३/०६१/०६२**) मा कार्यरत निम्न कर्मचारीलाई यस कम्पनीबाट हटाइएको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निजसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा ७ दिनभित्र सम्पर्क गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| सि.नं. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| १. | अमृता भट्टराई | कार्यालय व्यवस्थापक | ताप्लेजुङ-१, ताप्लेजुङ | ०१-०१-७२-०१३०१ |

**Trikon Management Services Pvt. Ltd.**
श्रम इजाजत नं. ५०३/०६१/०६२
सिनामंगल-०९, काठमाडौं, नेपाल, फोन: ०१-५४५६०१९/०१-५४५६०२०
E-mail: trikonmanpower2024@gmail.com Website: www.trikonmanpower.com
Mobile: 9858041157 | 9801321596 | 9801321597 | 9801321598

## Vacancy Announcement

One of the reputed manpower agency is seeking for following applicants.

- Manager (Male/Female) - 2
- Admin/Accountant (Male/Female) - 2
- PRO (Male/Female) - 4
- Front Desk Officer (Female) - 2

Salary Negotiable

Interested candidates send your CV to apply:
alzahranepal@gmail.com

Requirements:
Minimum 2 or3 Years of Experienced in Manpower field.

Al Zahra Human Resources Consultancy Private Limited
Call Us: Tel: 01-4586369. Old Baneshwor-9, Kathmandu, Nepal.

## सिम्रौनगढ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सिम्रौनगढ, बारा
मदेश प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना
(प्रकाशित मिति :-२०८१/११/०२)

सिम्रौनगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सिम्रौनगढ, बारा बाट मिति २०८१/०८/२१ सौर्य राष्ट्रिय दैनिकमा मा प्रकाशित बोलपत्रको सूचना बमोजिम E-bidding मार्फत समय सिमाभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु खोलि प्रविधिक प्रशताव मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभुतरुपमा प्रभावग्राहि भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ड) को उपनियम (५) बमोजिम मूल्यांकन प्रयोजनार्थ आर्थिक प्रस्ताव खोलने सम्बन्धित बोलपत्रदाताहरुलाई मिति २०८१/११/०९ गते शुक्रबार १:०० बजे यस नगरपालिकाको कार्यालयमा निजहरुको आर्थिक प्रस्ताव खोलिने हुदा उपस्थितिको लागि जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | निर्माण व्यवसायी फर्मको नाम | ठेगाना |
|---|---|---|
| 1. | M/S Salin/Subham/Yoddha J/V | Sindhupalchok, Chautara , Nepal |

हरिओम प्रसाद जयसवाल
प्रमुख प्रशसकीय अधिकृत

## Government of Nepal
## Ministry of Urban Development
## Department of Urban Development & Building Construction
## Project Office of Urban Development & Building Construction
Bhadrapur-Jhapa

### Invitation for Bids (IFB):- 09/2081-82

**First date of publication: 2081/11/02B.S. (2025/2/14)**

**Project Office of Urban Development & Building Construction (PUDBC), Jhapa** invites electronic **b**ids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding procedure. The details are in the bidding document.

| S. N. | Contract ID | Description of Work | Bid Validity/Bid Bond Validity Period | Estimated Amount (Without VAT& Contingencies) | Bid security Amount | Bid-Price (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | PUDBC/Jhapa/ Work/NCB/66/81-82 | Construction of building of Shri Sinam Ma. Vi. Sirijangha Rural Municipality-1, Taplejung | Minimum **90 days** /120 days from the last date of bid submission | Single Stage Two Envelope | 10,00,000.00 | 5,000 |

A complete set of Bidding Documents may be downloaded from the **PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP II)**

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur, Jhapa,** Name of Office: **Project Office of Urban Development & Building Construction, Bhadrapur, Jhapa,** Office Code no.: **347011201,** Office Account no.: **1000100200010000,** Rajaswa Shirsha No : **14229**

**Project Chief**

## साउदीमा रोजगार
कम्पनी : EUROPEAN TENTS FACTORY COMPANY LIMITED शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८१/११/०१ चलानी नं.: ६०२३२९९१ LT. No.: 318831

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

## कुबेतमा रोजगार
कम्पनी: KUWAIT ASIAN INTERNATIONAL EXCHANGE CO. शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/११/०१ चलानी नं.: ६०२३२९९० L.T. No.: 318906

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CASHIER | 7 | 3 | स. काममा दक्ष | 150 | ६७,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

## कतारमा रोजगार
कम्पनी : A TO Z SERVICES W. L. L. शहर : Qatar, Doha
पूर्व स्वीकृत मिति: २०८१/११/०१ चलानी नं.: ६०२३२९८२ LT. No.: 318264

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 25 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 138 | 0 | | 1000 | ३६,९६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Continental HRD Consultants Pvt. Ltd.**
Gov.Lic.no.: 983/067/068
Baluwatar, Kathmandu Tel.: 01-4545550, 4530003, 4515055, 9813101269 9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414602
Branch Office Pokhara-8, Sabhagrihachowk: 061-581724, 581728, 9810143365
E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com

मध्यान्ह
www.madhyanhadaily.com
२ फागुन २०८१ शुक्रबार
14 February 2025, Friday

सम्पादकीय

## बिर्सनै नमिल्ने दिन

प्रमुख प्रतिपक्षी भूमिकामा नेकपा (माओवादी केन्द्र) रहेकाले यस पटक १ फागुनलाई तुलनात्मक बढी उत्सवमय बनाइयो । अघिल्ला वर्षहरूमा पनि अरू माओवादी घटकका नेताहरूले यो दिनलाई विशेष दिन भनेर सम्झन्थे । यद्यपि, उनीहरू स–साना समूहमा रहेकाले कम प्रभाव देखिन्थ्यो । यस पटक सम्पूर्ण माओवादी घटक विपक्षी भूमिकामा छन् । विशेषगरी माओवादी केन्द्रका नेताहरूको सम्पूर्ण ध्यान जनयुद्ध दिवस मनाउनमा केन्द्रित रह्यो । ३ पटक प्रधानमन्त्री भइसकेका पुष्पकमल दाहाल 'प्रचण्ड'सहित माओवादी नेताहरू विभिन्न जिल्ला पुगेर इतिहास सम्झिए । जनयुद्धबाट प्राप्त उपलब्धिहरूबारे दाबी प्रस्तुत गरे । माओवादीले जितेका र उक्त पार्टीको बहुमत जनप्रतिनिधि रहेका पालिकाहरूमा सार्वजनिक बिदा नै दिइयो । प्रचण्ड प्रधानमन्त्री हुँदा त २०७९ को १ फागुनमा देशभर नै सार्वजनिक बिदा दिइएको थियो ।

सर्वोच्च अदालतले यो दिवस मनाउने निर्णय अस्वीकार गरेकाले देशब्यापी र प्रदेश सरकारले सार्वजनिक बिदा दिएन । माओवादीइतर सरकारहरूले सार्वजनिक बिदा दिने कुरै भएन किनकि नेपाली कांग्रेस, नेकपा एमालेसहित पुराना दलका नेताहरूले जनयुद्ध शब्दमै असहमति जनाइरहेका छन् । संविधान निर्माणकै बेला पनि यो शब्दप्रति चर्को विवाद थियो । अन्ततः सशस्त्र विद्रोह भनेर माओवादीले लडेको १० वर्षे युद्धलाई संविधानमा उल्लेख गरिएको छ । कांग्रेस–एमालेले माओवादीको परिभाषाप्रति असहमति जनाउनु राजनीतिक निष्कर्ष हो । राजनीतिमा हरेक विषय सर्वसम्मत हुन्छ भन्ने हुँदैन । अतः माओवादीले जनयुद्ध दिवस भन्नु र अरू दलले असहमति जनाउनु उनीहरूको अधिकारको कुरा हो ।

तर, नेपालमा माओवादीको नेतृत्वमा १० वर्ष युद्ध चलेको सत्य हो । त्यो युद्धलाई अलग गरेर नेपालको राजनीतिक इतिहास अपूर्ण हुन्छ । २०६२/०६३ सालको जनआन्दोलन, मधेश आन्दोलन, गणतन्त्र स्थापना जस्ता राजनीतिक घटनाक्रम माओवादी विद्रोहकै शृंखलामा भएका थिए । अनि, त्यो युद्धमा हजारौं संख्यामा मानिसले जीवन गुमाउनुपरेको छ । त्यसैले कोही कसैबीच मतभेद होस् अथवा सर्वसम्मति जुटोस्, नेपालको इतिहासबाट १ फागुन २०५२ लाई लुकाउन सकिँदैन । त्यो महाघटनाको पाठ सिंगो समाजले बुझ्नु जरूरी छ । माओवादी घटकका नेताहरूलाई त यो दिन बिर्सने छुट हुँदै हुँदैन बरू पटकपटक सत्तामा गएर माओवादी नेताहरुले लिएका निर्णय कस्ता रहे ? त्यसबारे समीक्षा गर्न जरूरी छ । जनयुद्धको उद्देश्यबाट माओवादी विचलित भयो कि सही बाटो हिँडिरहेको छ ? सोच्न आवश्यक छ ।

# ‘अफ द क्लक’ : श्रम अधिकारको उल्लंघन

“अफ द क्लक”अन्तर्गतको कार्यले कानुनी र नैतिक मूल्य, मान्यताहरूको गम्भीर उल्लंघन गर्छ । यस्तो कार्य अन्तर्राष्ट्रिय श्रम कानुन र राष्ट्रिय कानुनहरूको मात्र होइन, मानवीय गरिमा र सामाजिक न्यायको पनि विपरीत छ । प्रत्येक श्रमिकको पारिवारिक जीवन, स्वास्थ्य र व्यक्तिगत विकासको अधिकारलाई सम्मान गर्नु रोजगारदाताको मूल दायित्व हो...

अग्रलेख



● खेमराज सुवेदी

बिनाभुक्तानीको श्रमले कामदारको श्रमको मूल्य शून्यमा झर्छ, जसले उनीहरूको प्रतिघण्टाको कमाइलाई घटाउँछ र काम गरेबापतको उचित पारिश्रमिक पाउने सिद्धान्तलाई नै कमजोर बनाउँछ...

धेरै श्रमिकहरू आफ्नो कार्यस्थलमा 'अफ द क्लक' काम गर्न बाध्य छन् । हाजिरी कार्ड 'पन्च आउट' गरी बाहिरिँदै गर्दा पनि कतिपय सन्दर्भमा रोजगारदाताले केही बहाना बनाएर थप काममा लगाउने गरेको पाइन्छ । यद्यपि, यसरी थप काम लगाउँदै गर्दा थप पारिश्रमिक भने दिइएको पाइँदैन । तर, यस्ता घटना धेरै श्रमिकहरूले बाध्यकारी रूपमा भोगिरहेका हुन्छन् ।

'कार्ड पन्च गर्नुअघि वा पछि' विभिन्न बहानामा श्रमिकहरूलाई काम लगाएर उक्त अवधिको ज्याला नदिने तरिका विभिन्न देशका मालिकहरूले अपनाउने गरेका छन् । यो पनि एउटा श्रमिकको शोषण गर्ने आधुनिक शैली हो ।



यो अपराधले श्रमिकको अर्थ व्यवस्था छिन्नभिन्न पार्नुका साथै मानसिक र भौतिक स्वास्थ्यमा ठूलो असर पुऱ्याउँछ । यस कार्यले धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा स्थापित भएका श्रमका मापदण्डहरूको उल्लंघन गर्ने कार्यसमेत गर्छ । गरिएको कामको ज्याला नपाउँदा श्रमिकको ज्याला प्राप्तिको अधिकारको हनन हुन्छ । यसले व्यक्ति, परिवार र समग्र समाजलाई नै प्रभावित पार्छ ।

बिनाभुक्तानीको श्रमले कामदारको श्रमको मूल्य शून्यमा झर्छ, जसले उनीहरूको प्रतिघण्टाको कमाइलाई घटाउँछ र काम गरेबापतको उचित पारिश्रमिक पाउने सिद्धान्तलाई नै कमजोर बनाउँछ । यस्तो अवस्था लामो समयसम्म रहँदा आर्थिक असुरक्षा बढ्दै जान्छ र आम्दानीमा हुने श्रमिक र मालिकबीचको असमानताको खाडल झनै फराकिलो हुन पुग्छ ।

कानुनी अभ्यास र उल्लेखनीय मुद्दाहरू

संयुक्त राज्य अमेरिकामा, फेयर लेबर स्टयान्डर्ड एक्टले स्पष्ट रूपमा कार्य समयबाहिरको काम (अफ द क्लक)लाई निषेध गरेको छ । एन्डरसनविरुद्ध माउन्ट क्लेमेन्स पटरी कम्पनी (१९४६) को ऐतिहासिक मुद्दाले श्रमिकले कार्य अगाडि गरिएको कामको तयारी तथा काम समापनपश्चात्का क्रियाकलापहरूको समेत तलब दिनुपर्ने सिद्धान्त स्थापित गरेको छ ।

यो सिद्धान्तलाई आईबीपी इन्कविरुद्ध अल्भारेज (२००५) मा अझ सुदृढ गरिएको छ, उक्त मुद्दामा अदालतले, काम गर्ने क्षेत्र परिवर्तन गर्दा लाग्ने समय तथा सुरक्षासँग सम्बन्धित उपकरणहरू लगाउँदा लाग्ने समयको समेत ज्याला श्रमिकले पाउनुपर्ने भन्दै निर्णय गरेको छ ।

सन् २०२० मा वालमार्टले कर्मचारीहरूलाई बिनाक्षतिपूर्ति खाना ब्रेकमा काम गर्न लगाएको दाबीको समाधानका लागि २० मिलियन डलर भुक्तानी गर्न सहमत भयो । सन् २०२० मा वालमार्टले कर्मचारीहरूलाई लन्च ब्रेकको समयमा बिनापारिश्रमिक काम लगाएबापतको मुद्दामा २० मिलियन डलर तिर्न सहमत भएको थियो ।

त्यसैगरी, म्याकडोनाल्ड्सले अमेरिकाका धेरै राज्यहरूमा कर्मचारीहरूलाई 'क्लक आउट' गरेपछि होटेलहरू सफा गर्न र बन्द गर्न लगाएको आरोपमा क्यालिफोर्नियामा मात्र २६ मिलियन डलरभन्दा बढी रकम श्रमिकलाई तिर्नुपरेको थियो ।

### अन्तर्राष्ट्रिय श्रम संगठनका मापदण्डहरू

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले काम गर्ने समय र क्षतिपूर्तिका सम्बन्धमा नियमहरू विभिन्न कन्भेन्सनमार्फत स्थापित गरेको छ । कन्भेन्सन नं. १ (काम गर्ने समयसँग सम्बन्धित सम्मेलन, १९१९) यो आईएलओको पहिलो सम्मेलन थियो, जसले दैनिक ८ घण्टा र हप्तामा ४८ घण्टाको कार्य सिद्धान्तको नियम स्थापित गरेको थियो । कन्भेन्सन नं. ३० (काम गर्ने समयसँग सम्बन्धित सम्मेलन, १९३०)ले यी नियमहरूलाई व्यापारिक तथा औद्योगिक प्रतिष्ठानका कार्यालयहरूमा विस्तार गऱ्यो ।

कन्भेन्सन नं. ९५ (ज्यालासँग सम्बन्धित सम्मेलन, १९४९)ले विशेष रूपमा नियमित ज्याला भुक्तानीसम्बन्धी नियमको व्यवस्था गरेको छ । यस्ता सम्मेलनमा बनाइएका नियमहरूले श्रमिकहरूलाई थप शोषित हुनबाट संरक्षण गर्ने कार्य गर्छन् । यसले कामदारहरूलाई काम गर्ने परिस्थितिबाट अलग गराउँदा हुन आउने समस्याहरूबाट श्रमिकलाई संरक्षण गरिनुपर्ने व्यवस्था गरेको छ । विशेष गरेर श्रमिकलाई असुरक्षित परिस्थितिमा पारिश्रमिक नदिई दबाब दिएर काम लगाउँदा श्रमिकले काम छाडेको परिस्थितिको सम्बन्धमा कन्भेन्सन नं. १५५ ले विशेष सुरक्षायुक्त नियमको व्यवस्था गरेको छ ।

### ‘अफ द क्लक’सम्बन्धी अन्तर्राष्ट्रिय मुद्दाहरू

'अफ द क्लक'का कारण पारिश्रमिक नपाइने घटना विश्वव्यापी रूपमा फैलिएको छ । यही मुद्दाका कारण जापानमा 'कारोशी' भन्ने शब्दको उत्पत्ति भएको थियो । १०० घण्टाभन्दा बढी गरिएको कामको भुक्तानी नपाइएका कारण २४ वर्षीया मात्सुरी ताकाहासीले आत्महत्या गरेपछि जापानको संसद्ले सन् २०१८ मा श्रम कानुनमा व्यापक सुधार गर्नुपरेको थियो ।

अस्ट्रेलियामा सन् २०१९-२०२० को वुलवर्थ्सको मुद्दामा 'अफ द क्लक' कार्यका कारण कम्पनीले हजारौं कामदारहरूलाई लगभग ३०० मिलियन डलर कम भुक्तानी गरेको स्वीकार गरेपछि अस्ट्रेलियाका धेरै राज्यहरूमा महत्त्वपूर्ण कानुनी सुधारहरू ल्याइएको थियो ।

### दार्शनिक दृष्टिकोणहरू

'अफ द क्लक'अन्तर्गत लगाइने कामको सन्दर्भलाई विभिन्न दार्शनिकहरूले गहिरो अध्ययन गरेका छन् । मार्क्सले यसलाई श्रमिक शोषणको मूल रूप मानेका छन्, जहाँ कामदारलाई उनीहरूको श्रमको पूर्ण मूल्यबाट बञ्चित गरिन्छ । एलिजाबेथ एन्डरसनले यसलाई 'समयभन्दा बाहिरको काम एक प्रकारको निजी अत्याचार हो, जसमा रोजगारदाताले कामदारको जीवनमाथि अनुचित नियन्त्रण राख्छन्' भनेकी छन् ।

जोन रल्सको न्यायको सिद्धान्तअनुसार यो प्रथा निष्पक्षता र पारस्परिकताको सिद्धान्तविपरीत छ । त्यसैगरी, पिटर सिंगरले 'यस्तो कामले कामदारमा तनाव बढाउने, पारिवारिक जीवनमा असर पार्ने र सामाजिक संरचनालाई कमजोर बनाउने गर्छ, जसको फाइदा मालिक र शेयरधनीहरूलाई मात्र हुन्छ' भन्ने अवधारणा व्यक्त गरेका छन् ।

### निष्कर्ष

'अफ द क्लक'अन्तर्गतको कार्यले कानुनी र नैतिक मूल्य, मान्यताहरूको गम्भीर उल्लंघन गर्छ । यस्तो कार्य अन्तर्राष्ट्रिय श्रम कानुन र राष्ट्रिय कानुनहरूको मात्र होइन, मानवीय गरिमा र सामाजिक न्यायको पनि विपरीत छ । प्रत्येक श्रमिकको पारिवारिक जीवन, स्वास्थ्य र व्यक्तिगत विकासको अधिकारलाई सम्मान गर्नु रोजगारदाताको मूल दायित्व हो ।

आजको प्रतिस्पर्धात्मक युगमा पनि मानवीय मूल्य र मान्यताहरूलाई मानव स्वयंले बिर्सन हुँदैन । श्रमिकको श्रम र समयको उचित मूल्यांकन गर्नु सभ्य समाजको पहिचान हो । विश्वमा भएको डिजिटल प्रविधिको विकासले श्रमिकको श्रमको समयको सटीक अभिलेख राख्न सजिलो बनाएको छ ।

यसैगरी, श्रम अधिकारप्रतिको बढ्दो चेतनाले पनि यस्तो शोषणकारी प्रथा घट्दै जाने आशा जगाएको छ । तर, यो परिवर्तनका लागि कानुन र नियम मात्र पर्याप्त छैनन् । यसका लागि श्रमिक र रोजगारदाताबीच सम्मानपूर्ण सम्बन्ध, श्रमिकको योगदानको उचित मूल्यांकन गर्ने संस्कृति, सामूहिक सौदाबाजीको अधिकारको सम्मान, पारदर्शी र न्यायोचित श्रम व्यवस्थापन, श्रमिकको व्यक्तिगत तथा पारिवारिक जीवनको सम्मान जस्ता सामाजिक मूल्य, मान्यताहरूको विकास हुन आवश्यक छ ।

साथै, नियामक निकायको प्रभावकारी अनुगमन, सशक्त श्रमिक संगठन र समाजमा श्रमको सम्मान गर्ने संस्कृतिको विकास पनि उत्तिकै जरुरी छ । यसरी मात्र हामी एक न्यायपूर्ण र मर्यादित श्रमिकमैत्री वातावरण निर्माण गर्न सक्छौं ।

## इतिहासमा आज

१४ फेब्रुअरी १८७६ मा अलेक्जेन्डर ग्राहम बेलले टेलिफोनका लागि पेटेन्टका लागि आवेदन दिएका थिए ।



१४ फेब्रुअरी १९८९ मा पहिलो जीपीएस उपग्रह प्रक्षेपण गरिएको थियो ।



१४ फेब्रुअरी २००५ मा स्टिव चेन, चाड हर्ले र जावेद करिमले लोकप्रिय भिडियो वेबसाइट युटचुब सार्वजनिक गरेका थिए ।



१४ फेब्रुअरी २०१९ मा काश्मिरको पुलवामामा भारतीय सेनाको काफिलेमा एउटा घातक हमला भएको थियो, जसमा ४० सैनिकको मृत्यु भयो । उक्त घटनाको इस्लामिक आतंकवादी संगठन जैस-ए-मोहम्मदले जिम्मेवारी लिएको थियो ।



## सामाजिक सञ्जाल




**गोकुल बाँस्कोटा**

स्टेटभन्दा बलशाली डिपस्टेट भन्नेले ट्रम्पलाई त हैरान पाऱ्या' छ भन्थे । जताततै रहेछ कि के हो ? बरु विश्व बर्चस्व कायम गर्ने सामर्थ्य बोकेको काला सागरको पानी ३-४ दशक शान्त रहने गरेको छ भन्छन् । तर, सिंहदरबारचाहिँ ३ वर्ष पनि शान्त रहन नदिन अरूकै नुन-पानीमा रमाउनेहरू कति रगरग गरेका हुन् के ?



**बद्रीविनोद खनाल**

न्यायमा जबसम्म तजबिजी अधिकार रहन्छ, तबसम्म निमुखा र गरिबहरूले न्याय पाउँदैनन् । करोडौं ठग्नेहरू लाख अनि करोड धरौटी राखेर छुट्छन् । हजार/लाख ठगी गर्नेहरू १०-१५ हजार पनि तिर्न नसकेर जेल परेका छन् । यस्तो विभेदकारी न्याय र न्यायका व्याख्याकारले खासगरी गरिबका लागि केही गर्दैनन् भन्ने थाहा भो ।



**प्रेमकान्त अधिकारी**

अनगिन्ती प्रश्नहरूको घेराबन्दीबाट रुमल्लिइरहेको सरकार । आफैंले निम्त्याएका समस्या र अभावहरू । राज्यका न्यूनतम आधारभूत उपकरणहरू आपूर्तिलाई बेवास्ता गरेर सत्ता, शक्ति र नैतिकहीन रवैया । न गरिबहरूको जीवनस्तर उकासिन सक्यो, न त विश्वास र विकास । गर्न खोज्दै छ त विनाश ।



**उज्ज्वलविक्रम थापा**

जलनको काम गर्ने भएकाले लगभग हरेक दिन अस्पताल जाने गर्छु । भिजेको चिप्लो मार्बल र ग्रेनाइटमा चिप्लिएर चोट लागेका अनेकौं केस देखेको छु । धेरै वृद्धहरू यो समस्यामा परेका छन् । दरबारमार्गको फुटपाथ देखेर सम्झिएँ । ठीकठाक शहर बन्नुपर्ने टिकटक शहर बन्दै छ ।

# समानुपातिक कोटा प्रणालीमाथि प्रश्न

विचार



● जनकराज पाठक

पैसासँग समानुपातिक कोटा साट्ने अर्थात् विक्री गर्ने चलनले राजनीतिक पार्टीहरूको आन्तरिक सन्तुलन बिग्रिएर पार्टीहरू कलहमा फसेका उदाहरण हामीकहाँ धेरै छन् । सदुपयोग हुँदा असाध्यै राम्रो यो प्रणालीलाई हाम्रो संरचनाले व्यापक दुरुपयोग गरेका कारण आगामी दिनमा समानुपातिक प्रणाली कसरी अगाडि बढ्छ भन्नेमा निकै अन्योलमा छौं...

देशका सबै वर्ग र जातजातिहरूको जनसंख्याका आधारमा राज्य संरचनाको सबै तहमा सहभागी हुन पाउने व्यवस्थालाई समानुपातिक प्रतिनिधित्व भनिन्छ । अल्पसंख्यक, सीमान्तकृत एवं बहिस्करणमा परेका समुदायहरूलाई समेत राज्य निर्माणको मूल धारमा ल्याउने माध्यमको परिकल्पनासहित यो प्रणालीलाई नेपालको संविधानले आत्मसात् गरेको छ ।

यो सोच र चिन्तन असाध्यै राम्रो हो । राज्यले सबै जातजाति, वर्ग, समुदायलाई मुलुक निर्माणको मूल धारमा समावेश गराउने कार्यलाई कदापि नराम्रो मान्न सकिँदैन । यो संविधानको मर्म र भावना हो तर राजनीतिक स्थायित्व नभएका कारण हाम्रो देशमा संविधानको मर्म र भावनाअनुरूप यो कार्यान्वयन हुन सकेको छैन । जुन उद्देश्यबाट यो प्रणाली आयो, त्यसलाई हामीले व्यवहारमा उतार्न सकेनौं अर्थात् हामी असफल भयौं । जसले राज्यको प्रतिनिधित्व गर्न नसकेको हो, त्यसलाई हाम्रो संरचनाले सम्बोधन नै गर्न सकेन, हामी यहाँ चुक्यौं ।

अवसरबाट बञ्चित यस्ता समुदायलाई पवित्र उद्देश्यसहित राज्यको मूलधारमा उपस्थित गराउनुपर्ने प्रणालीलाई हामीले नातागोता, भ्राता, प्रेमी, प्रेमिका, दाता तथा श्रीमतीसमेतको उपस्थिति गराएर दुरुपयोग गरेका छौं । समानुपातिक प्रणाली पार्टी सत्ताको केन्द्रमा रहेका निश्चित नेताको प्रतिनिधित्व सुरक्षित गर्ने विधि बन्न पुगेको छ ।

मधेशी, आदिवासी, जनजाति र सीमान्तकृत समुदायको कोटाबाट ठूला व्यापारी र पार्टीको शीर्षस्थ नेतृत्वमा रहेका व्यक्ति निर्वाचित हुने गलत अभ्यास भइरहेको छ । समानुपातिक कोटालाई हाम्रो संरचनाले पैसामा विक्री गरेको छ । राजनीतिक सौदाबाजीमा प्रयोग गरेको छ । समानुपातिक कोटा रकममा खरिदको पद वनेको छ । राजनीति स्वार्थ सिद्ध गर्न र रकमको लेनदेनमा हामीले यसलाई पूर्ण रूपमा दुरुपयोग गरेका छौं ।

समानुपातिक कोटा मुलुक निर्माणमा निश्चित जात र वर्गलाई राज्यले उपलब्ध गराएको अवसर हो । राज्यले हरेक नागरिकलाई पटकपटक अवसर दिन सक्दैन । प्राप्त अवसरलाई सदुपयोग गरेर मेरो उपस्थिति किन छ भनेर उपस्थित हुनेले बुझ्न जरुरी छ । समानुपातिक प्रणालीलाई दलका नेतृत्वले रकम असुल्ने एक माध्यम तथा राजनीतिक सन्तुलन कायम गर्ने अर्को माध्यम बनाएका छन् ।

राजनीतिक दललाई करोडौं तिरेर समानुपातिक कोटाबाट प्रतिनिधित्व गरेका हामीकहाँ सयौं उदाहरण छन् । बनाइदिनेले बनाइदिएबापत त जीवनभर मेरो सहयोगी बन्नुपर्ने ठान्ने र बन्नेले 'यो पद पैसामा किनेको त हो नि !' भनेर खुल्ला भन्दै हिँड्ने परिपाटीले यसको पूर्ण रूपमा दुरुपयोग भएको छ ।

अझ जसले बनायो, ऊप्रति बफादार नहुने हो भने त त्यही कार्यकालमा हटाइएको उदाहरणसमेत हामीकहाँ छ । पूर्ण रूपमा समानुपातिक प्रणाली नै खराब प्रणाली हो भन्ने भाष्य निर्माण भएको छ । यसकै कारण अब यो प्रणाली नै खारेज गर्नुपर्ने आवाज उठ्न थालेको छ । नेपालमा चुनावमा हुने लगामबिनाको खर्चलाई राजनीतिक दलहरूले स्थापित नै गरेका छन् ।

यसका लागि पैसा असुल्ने २ तरिकालाई संस्थागत गरिएको छ । पहिलो भ्रष्टाचार, सत्ताका लागि पैसा, पैसाका लागि भ्रष्टाचार र दोस्रो समानुपातिकमा चयन हुनेहरूसँग असुल गरिने मोटो रकम । यी दुवै तहबाट पीडित कतिपय माननीयहरूचाहिँ ५ वर्षे कार्यकालभर नै पिरोलिइरहेका हुन्छन् । अनियन्त्रित रूपमा निर्वाचनमा हुने खर्चका कारण महँगीको मारमा मरीमरी जनताले बाँच्नुपर्छ ।

समानुपातिक प्रणाली पार्टी सत्ताको केन्द्रमा रहेका निश्चित नेताको प्रतिनिधित्व सुरक्षित गर्ने विधि बन्न पुगेको छ । मधेशी, आदिवासी जनजाति र सीमान्तकृत समुदायको कोटाबाट ठूला व्यापारी र पार्टीको शीर्षस्थ नेतृत्वमा रहेका व्यक्ति निर्वाचित हुने गलत अभ्यास भइरहेको छ । राजनीतिक दलहरूको समानुपातिक सूचीमार्फत उपस्थित भएका व्यक्तिहरूले पाएको यो पहिलो अवसर नै पर्याप्त मानिन्छ । एक व्यक्तिलाई पटकपटक अवसर दिइँदैन । प्राप्त अवसरलाई समय अवधिभरमै सदुपयोग गरेर सन्तुष्ट रहन सक्नुपर्छ, जुन पदको निर्माण नै अवसरको रूपमा भएको छ । जहाँ उपस्थिति हुन पाउनु नै अवसर हो, अब उसले थप अवसर खोज्न हुँदैन ।

संविधानको मर्म र भावनाविरुद्ध आज अघि बढ्दा यो प्रणाली नै धरापमा परेको छ र आज प्रदेश समानुपातिक खारेज, प्रतिनिधिसभाको समानुपातिकलाई माथिल्लो सदनमा समावेशको चर्चाले व्यापकता पाएको छ ।

पैसासँग समानुपातिक कोटा साट्ने अर्थात् विक्री गर्ने चलनले राजनीतिक पार्टीहरूको आन्तरिक सन्तुलन बिग्रिएर पार्टीहरू कलहमा फसेका उदाहरण हामीकहाँ धेरै छन् । सदुपयोग हुँदा असाध्यै राम्रो यो प्रणालीलाई हाम्रो संरचनाले व्यापक दुरुपयोग गरेका कारण आगामी दिनमा समानुपातिक प्रणाली कसरी अगाडि बढ्छ भन्नेमा निकै अन्योलमा छौं ।

पैसामा विक्री गर्ने, राजनीतिक सन्तुलन कायम गर्न तथा अन्य प्रयोजनमा यसलाई दुरुपयोग गर्दा आज यसको औचित्य समाप्त भएको छ र यो प्रणाली खारेज गर्नुपर्ने आवाज उठ्न थालेको छ । उद्देश्य सही भए पनि यसको दुरुपयोगका कारण यसमा व्यापक सुधार वा खारेज, २ मध्ये एक निर्णय हुन्छ नै । वर्तमान समयको पदचापलाई बुझ्दाचाहिँ यो प्रणालीलाई करिब बचाउन नसकिने निश्चित छ ।

# भयमुक्त समाज निर्माणमा जोड



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १ फागुन

कपिलवस्तुको कृष्णनगर नगरपालिकाका नगर प्रमुख रजत प्रताप शाहले भयमुक्त समाज निर्माणका लागि सबैको साथ र सहयोगको आवश्यकता रहेको बताएका छन् । कृष्णनगर नगरपालिका र ईलाका प्रहरी कार्यालय कृष्णनगरको संयुक्त आयोजनामा भएको बृहत् समुदाय सुरक्षा सचेतना अभियान कार्यक्रममा नगरप्रमुख शाहले खुला सीमाना, सुरक्षा चुनौतीको विषय भएको उल्लेख गर्दै लागुऔषध दुर्व्यसनको घटनाहरूको अध्ययन आवश्यक रहेको बताए ।

समाजमा रहेका कुरीतिहरू हटाउन शिक्षाको माध्यमबाट विकास सम्भव रहेको भन्दै भयमुक्त समुदाय निर्माणका लागि सबैले आ-आफ्नो कर्तव्य निर्वाह गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी उपरीक्षक निरन्जन दत्त भट्टले सुरक्षा दिन प्रहरी सधैं तयार रहने बताए ।

स्थानीय संघसंस्था, जनप्रतिनिधि, शिक्षक, अभिभावक तथा समुदायका अगुवासँग सहकार्य गरी सुरक्षा सचेतना अभिवृद्धि गर्नुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा प्रहरी निरीक्षक सुरज खत्रीले सुरक्षा सचेतना अभियानबारे जानकारी दिँदै, अपराध रोकथाम सबैको दायित्व रहेको बताए । साथै, गाउँ-गाउँमा गएर समुदायलाई सचेत पार्ने, अपराधका विभिन्न प्रकार र रोकथामका उपायबारे जनचेतना फैलाउने अभियानको लक्ष्य रहेको उनले बताए ।

होटल तथा पर्यटन व्यवसायी संघ कृष्णनगरका अध्यक्ष शिवा घिमिरेले होटल क्षेत्रमा सीसी टिभी जडान गरिएको र कुनै संदिग्ध व्यक्ति देखिएमा प्रहरीलाई खबर गर्ने प्रणाली अपनाइएको बताए ।

कार्यक्रममा नगर उपप्रमुख आरती देवी चौधरी, नि. प्रमुख प्रशासकीय अधिकृत शंकर भट्टराई, उद्योग वाणिज्य संघ कृष्णनगरका अध्यक्ष रितेश शर्मा, नेकपा एमाले केन्द्रीय सदस्य सुशील श्रीवास्तव, महिला तथा बालबालिका शाखा प्रमुख थुमादेवी उपाध्याय लगायतको उपस्थिति रहेको थियो ।

# आगलागीबाट लाखौंको क्षति

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १ फागुन

सिरहाको लहान नगरपालिका वडा नं. २१ माधोपुर गाउँमा बुधबार राति आगलागीबाट दुई घर जलेर नष्ट भएका छन् । स्थानीय पवन यादव र अशेश्वर यादवको घरमा आगलागी हुँदा घर तथा गोठभित्र रहेका भैंसी, मोटरसाइकल लगायतका सामान जलेको हो । आगलागीमा लाखौंको क्षति भएको बताइएको छ ।



घटनाको जानकारी पाएपछि लहान नगरपालिकाका मेयर महेश चौधरी घटनास्थलमा पुगेर स्थलगत निरीक्षण गरेका छन् । आगलागी नियन्त्रणका लागि वारुण यन्त्र पुगे पनि बाटो अवरोधका कारण घटनास्थलसम्म पुग्न कठिनाइ भएको थियो । स्थानीयका अनुसार विभिन्न स्थानमा बाँस, काठ, ढुंगा राखेर बाटो रोकिएको अवस्थामा वारुण यन्त्र रोकिएको थियो, जसले आगो नियन्त्रण गर्न थप समस्या उत्पन्न गरेको थियो । स्थानीय बासिन्दाहरूले घटनालाई शंकास्पद भएको बताएका छन् । केही स्थानीयले यो डकैतीको योजना बनाइ आगलागी गराइएको हुन सक्ने आशंका गरेका छन् । घटनाको वास्तविक कारण पत्ता लगाउन गहिरो छानबिन आवश्यक रहेको उनीहरूको माग छ । प्रहरी घटनास्थलमा पुगेर प्रारम्भिक अनुसन्धान गरिरहेको छ । प्रहरीले आगलागीको कारण र सम्भावित संलग्न व्यक्तिहरूको पहिचानका लागि अनुसन्धान तीव्र पारेको छ ।


## Invitation for Bids

## Gramthan Rural Municipality

**Date of publication:2081/11/02**

1. ***GramthanRural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***work as stated in table below***.

| S. N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/SQ/WORKS/21-081-082 | Wada No. 1 Bibhinna Sadak Kalopatrey (Package2) | 1816905.08 | 1000 | 40,000 | |


# ‘सरकारले भुक्तानी नदिए काम रोक्छौं’



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ फागुन

निर्माण व्यवसायी संघ अर्घाखाँचीका अध्यक्ष तथा वरिष्ठ निर्माण व्यवसायी बसन्त भुसालले काम सम्पन्न भएका सयौं योजनाहरुको संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले भुक्तानी नदिएको बताएका छन् ।

बिहीबार संचारकर्मीहरुसँग कुरा गर्दै अध्यक्ष भुसालले काम सम्पन्न भएका योजनाको भुक्तानी नदिँदा निर्माण व्यवसायीहरु आर्थिक संकटमा परेको बताए ।

भुसालले अघिल्लो वर्ष सम्झौता गरेका सबै योजनाहरु यस वर्ष सम्पन्न भएपनि व्यवसायीले गरेका कामको भुक्तानी नपाउनु दुखद भएको बताए । सरकारले काम सम्पन्न योजनाको भुक्तानी नदिए निर्माण व्यवसायीले अब काम बीचमा नै छोड्न बाध्य हुने उनले बताए ।

सरकारले भुक्तानी दिने कुरा अपनत्व लिदिन भन्न नमिल्ने बताउँदै उनले निर्माण व्यवसायीको समस्याप्रति सरकार गम्भीर हुन नसकेको आरोप लगाए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले निर्माण व्यवसायीको समस्या तत्काल समाधान गर्न आयोग गठन गर्न निर्देशन दिएपनि काम हुन नसक्दा समस्या जिल्ला जिल्लामा उत्पन्न भएको उनले बताए ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य अर्थमन्त्री भएको बेला काम सम्पन्न गरेका निर्माण व्यवसायीहरूलाई प्रदेश सरकारले तत्काल भुक्तानी दिने गरी बजेट व्यवस्थापन नगरेकोप्रति इंकित गर्दै भुसालले वर्तमान सरकार पनि विगतको सरकारको निरन्तरता रहेको बताए ।

उनले भने, ‘निर्माण व्यवसायीहरूलाई भुक्तानी दिन नसक्ने कुरा गलत हो । सरकारले अहिले म्याद थप गर्ने ३ हजार आयोजनाको ४ खर्ब रुपैयाँ भुक्तानी दिने कुरा गरेको छ, तर भाषणमा मात्रै मन्त्रीहरुका कुरा सिमित भएका छन् । सरकारले चाहेमा भुक्तानी तत्काल हुन सक्छ ।’

विगतका वर्षहरूमा विगतका सरकारहरूले गरेका कमीकमजोरीलाई यो सरकारले त्यसको अपनत्व गर्दिन भन्न नमिल्ने भुसालले बताए ।


## वर्गिकृत डिस्प्ले

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०८०/०७/१६ मा दर्ता भएको **प्रा. लि. नं. (३२२६९७) को** क्यापिटल ट्रेड इन्टरप्राइजेज प्रा.लि. नामक कम्पनी दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/११/०२**

**निहोन क्योइकु नेपाल कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.** को २०८०/०२/३० गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लर्न लिङ्क कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: २१९७३६)** कायम गर्ने गरी मिति २०८०/०३/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Bannigadhi Jayagadh Rural Municipality
## Office of Rural Municipal Executive

**Jayagadh, Achham**
**Sudurpashim Province, Nepal**

**Invitation for Bids for the following Sealed Quotation: (E-bid only)**

(Date of publication: 2081/11/01 (13 Feb 2025)

**Second Time Publication Notice**

1. **Bannigadhi Jayagadh Rural Municipality, Achham** invites e E-bid from the Neplese eligible bidders for the following works.

| S.N | Contract Id | Description Of Works/ Jobs | Price Of Bid Document (Nrs.) Non Refundable | Bid Validity Period In Days | Bid Security (Nrs.) | Estimated Amount Nrs. ( Without Vat) |
|---|---|---|---|---|---|---|
| 1 | Bjrm/Sq/G/2081-082/02 Re | Procurement Of Medicine And Surgical Items | 1000 | 75 Days. | 60000.00 | 2380180 |

a. **Deadeline for bid submission:** 2081/11/16 (28 Feb 2025) 12:00 hrs.
b. **Date, time and place of bid Opening :** 2081/11/16 (28 Feb 2025) 13:00 hrs.
c. **Bank A/C No (For Bid Document)**: A/C Name: Bannigadhi Ga-1-1- Antarik Rajswa Khata, A/C No.: 27151561540063 Himalayan Bank Ltd., Bannigadhi Branch, Achham
d. **Bank A/C No (For Bid Security):** A/C Name : Bannigadhi Ga-3 Sthaniya Taha Dharauti Khata, A/C No.: 27151561540098 Himalayan Bank Ltd.,Bannigadhi Branch, Achham

2. Eligible Bidder For further information and inspect the bidding Documents details please visit PPMO's e-GP system: https://bolpatra.gov.np/egp and facsimile number: 9848435423.

**Chief Administrative Office**

## मष्टा गाउँपालिका
## (Masta Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office of the Rural Municipal Executive)

**भातेखोला, बझाङ्ग**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः-२०८१/११/०२**

यस कार्यालयबाट मिति २०८१/०९/०५ गतेको हिमालयन टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित भई सोही सूचना बमोजिम मिति २०८१/१०/०६ गतेका दिन रित पुर्वक दर्ता भएका बोलपत्रहरु मध्ये यस आयोजनाको विभिन्न मितिमा बसेको मूल्याङ्कन समितिको मूल्याङ्कन अनुसार सारभुत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकाले सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौं संशोधन, २०७९ समते) को नियम ३१ ज को उपनियम (५) को प्रावधानका सन्दर्भमा यो सूचना सम्प्रेषण गरिएको व्यहोरा सम्बन्धी बोलपत्रदाताहरुको जानकारी एवम् आवश्यक कारबाहीका लागि अनुरोध छ ।

| ठेक्का नं | योजनाको नाम | प्रभावग्राही बोलपत्रदाताहरुको नाम | आर्थिक प्रस्ताव खोल्ने स्थान/मिति/समय/ |
|---|---|---|---|
| MRM-ABC-2081/82-10 | प्रशासकिय भवन निर्माण योजना । | 1. ACE/Betal J.V. Bajhang<br>2. Prime Company Pvt.Ltd.<br>3. Rudrawati Nirman Sewa Pvt.Ltd<br>4. S.B/Swet Shiv J.V.<br>5. Surenddra Nirman Sewa | स्थानः- मष्टा गाउँ कार्यपालिकाको कार्यालय, भातेखोला बझाङ्ग<br>मितिः-२०८१/११/०८<br>समयः- दिनको १:०० बजे |

**नि.प्रमुख प्रशासकिय अधिकृत**

## भोटेकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**फुल्पिङकट्टी, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**सहकारी संस्था खारेजी सम्बन्धी पुनः २१ दिने अत्यन्त जरूरी सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८१/११/०२**

भोटेकोशी गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका विगत दुई वर्ष देखि निष्क्रिय अवस्थामा रहेका तपसिलका सहकारी संस्थाहरुलाई भोटेकोशी गाउँपालिकाको सहकारी ऐन,२०७५ बमोजिम सहकारी संस्था विघटन तथा दर्ता खारेज गर्न सकिने हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र संस्थाको दर्ता प्रमाणपत्र, सक्कली पान प्रमाणपत्र,पछिल्लो लेखा परीक्षणको प्रमाणित प्रतिलिपि, पछिल्लो साधारण सभा भेलाको छायाँप्रति लगायतका आवश्यक कागजात सहित भोटेकोशी गाउँपालिकाको सहकारी शाखामा सम्पर्क गर्नुहुन मिति २०८१/०९/०८ गते अनुरोध गरिएकोमा उक्त समय सिमा भित्र सम्पर्कमा आउन नसकेका सहकारी संस्थालाई पुनः सम्पर्क गर्न आउनु हुन यसै सूचना मार्फत जानकारी गराइन्छ । सो समयभित्र सम्पर्कमा नआउने सहकारी संस्थाहरुलाई प्रचलित कानून वमोजिम दर्ता खारेजी तथा विघटन तर्फको कार्यवाही प्रकृया अगाडी वढाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिलः**

| क्र.स | सहकारी संस्थाको नाम | सहकारी संस्थाको ठेगाना |
|---|---|---|
| १ | अमर उज्यालो साना किसान कृषि सहकारी संस्था लि. | (साबिक तातोपानी १) हाल भोटेकोशी २ |
| २ | त्रिशक्ति कृषि सहकारी संस्था लि. | (साबिक तातोपानी १) हाल भोटेकोशी २ |
| ३ | लगनशील महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. | (साबिक तातोपानी ३) हाल भोटेकोशी २ |
| ४ | कैलाश बचत तथा ऋण सहकारी संस्था लि. | (साबिक तातोपानी ३) हाल भोटेकोशी २ |
| ५ | कोकरसिंग उपभोक्ता सहकारी संस्था लि. | (साबिक मर्मिङ्ग १) हाल भोटेकोशी ५ |
| ६ | बन्जी सामुदायिक कृषि सहकरी संस्था लि. | (साबिक मर्मिङ्ग १) हाल भोटेकोशी ५ |
| ७ | भोटेकोशी महिला बहुउदेश्यीय सहकारी संस्था लि. | (साबिक तातोपानी ४) हाल भोटेकोशी २ |
| ८ | निशाना उपभोक्ता सहकारी संस्था लि. | (साबिक मर्मिङ्ग ९) हाल भोटेकोशी ५ |
| ९ | हिमालयन मितेरी बचत तथा ऋण संस्था सहकारी लि. | (साबिक फुलपिङ्कट्टी १) हाल भोटेकोशी ४ |
| १० | लार्चा फुमाचे कृषि सहकारी संस्था लि. | (साबिक तातोपानी ४) हाल भोटेकोशी २ |
| ११ | मितेरी उपभोक्ता सहकारी संस्था लि. | (साबिक तातोपानी ४) हाल भोटेकोशी २ |
| १२ | शयपत्री उपभोक्ता सहकारी संस्था लि | (साबिक मर्मिङ्ग ९) हाल भोटेकोशी ५ |
| १३ | शितल उपभोक्ता सहकारी संस्था लि. | (साबिक लिस्ती ६) हाल भोटेकोशी १ |
| १४ | लिस्तिमाइ बचत तथा ऋण सहकारी संस्था लि. | (साबिक तातोपानी ३) हाल भोटेकोशी २ |
| १५ | थानसिङ् कृषि सहकारी संस्था लि. | (साबिक फुल्पिङ्कट्टी ७) हाल भोटेकोशी ४ |
| १६ | सिन्धु पर्यटन सहकारी संस्था लि. | (साबिक तातोपानी ४) हाल भोटेकोशी २ |
| १७ | गोर्खा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | (साबिक तातोपानी ३) हाल भोटेकोशी २ |

**प्रमुख प्रशासकीय अधिकृत**

# आदिवासी जनजाति पत्रकार महासंघ दाङको अध्यक्षमा चौधरी



**दाङ/मस–** आदिवासी जनजाति पत्रकार महासंघ दाङको अध्यक्षमा दिप्तिशिखा चौधरी सर्वसहमत चयन भएकी छन् । बिहीबार दाङको तुलसिपुरमा भएको दशौँ अधिवेशनबाट चौधरीको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरिएको हो । उपाध्यक्षमा दीपक जिएम, सचिवमा एचआर मगर, कोषाध्यक्ष निता चौधरी, सहसचिवमा जयन्ती चौधरी चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा सरिता चौधरी, प्रेमकुमारी बुढा, प्रिया चौधरी र सुरक्षा चौधरी चयन भएका छन् । अधिवेशनले केन्द्रीय प्रतिनिधिमा सविन प्रियाशन, रिता लामा र जीत सागर जिएमलाई चयन गरेको छ भने प्रदेश प्रतिनिधिमा प्रेमबहादुर राम्जा र जयन्ती चौधरी रहेका छन् ।

महासंघ दाङ शाखा अध्यक्ष प्रेमबहादुर राम्जाको अध्यक्षता एवम् पत्रकार महासंघका केन्द्रीय सचिव सविन प्रियाशनको प्रमुख आतिथ्यतामा अधिवेशन भएको थियो ।

# देवघाटमा महामहोत्सव सम्पन्न



**दमौली/मस–** प्रसिद्ध देवघाटधाममा १ महिनासम्म सञ्चालित महामहोत्सव सम्पन्न भएको छ ।

माघे संक्रान्तिको अवसरमा महामहोत्सव आयोजना भएको हो । विश्व जागरण महाभियान ट्रष्ट चितवनको आयोजनामा भएको महामहोत्सवको देवघाटस्थित गलेश्वर आश्रमका पीठाधीश महामण्डलेश्वर १००८ स्वामी आत्मानन्द गिरीले समापन गरेका थिए ।

उनले देवघाट क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनका लागि महामहोत्सव सफल भएको बताए । देवघाट मुलुकको महत्वपूर्ण धार्मिक तीर्थस्थल भएकाले यहाँ यज्ञयज्ञादी पर्व आयोजना भइराख्नुपर्नेमा स्वामी आत्मानन्दले जोड दिए ।

ईश्वरकृष्ण महाराजको संकल्पमा तनहुँको देवघाट गाउँपालिका-५ मा निर्माणाधीन ३६५ कोठाको मातापिता सेवा आश्रमले पूर्णता दिन र सोही स्थानमा रहेको देवघाट दिव्यधाम निर्माण गर्न रकम संकलन गर्ने उद्देश्यले महामहोत्सव आयोजना गरिएको हो ।

# गरुडामा नागरिक सहायता कक्ष



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १ फागुन

रौतहटको गरूडा ईलाका प्रहरी कार्यालयमा नागरिक सहायता कक्ष सुरू गरिएको छ ।

आम नागरिकको गुनासो सुन्न ईप्रकाभित्र रहेको गोलघरमा 'नागरिक सहायता कक्ष' स्थापना गरिएको हो । जहाँ असहाय, गरिब नागरिकहरुको लागि प्रहरीद्वारा निःशुल्क निवेदन लेखन कार्य सुरुवात गरिएको प्रहरी नायब उपरीक्षक राजन कार्कीले जानकारी गराए ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सुरु भएको सहायता कक्षबाट बुधबारदेखि नै सेवा प्रवाह गरिएको उनले बताए ।

सहायता कक्षबाट आम नागरिकहरूलाई सहज हुने अपेक्षा राखिएको छ । सहायता कक्षबाट नागरिकका गुनासाहरूको सुनुवाइ गरिने प्रहरीको भनाइ छ ।

गरिबको लागि निःशुल्क निवेदन लेख्न प्रहरी उपरीक्षक दिलिप घिमिरेले निर्देशन दिएका थिए । घिमिरेको निर्देशनपछि प्रहरीले विना शुल्क निवेदन लेख्न सुरु गरेको हो । निवेदनको खाका जिल्लाको प्रत्येक ईलाका कार्यालयमा पुगेपछि नागरिकलाई अब सहज भएको छ । रौतहटमा घरायसी तथा सामान्य वादविवाद हुँदा पनि प्रहरी कार्यालयमा जाँदा बाहिरबाट सानो ठाडो उजुरी लेखाएर ल्याउन ५ सय रुपैयाँ दिनुपर्ने बाध्यता रहेको थियो । प्रहरीले नै निवेदन लेखिदिएपछि आम नागरिकलाई सहज भएको छ ।

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१०/३०**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०८१/०८२ मा उत्पादन भई तपसलिमा उल्लेखीत घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि. नं. | सामुदायिक वनको नाम/ठेगाना | लिलाम विक्रि गरिने वन पैदावारको विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | बापुर सा.व.उ.स गन्यापधुरा १ | सल्ला | १३८ | १४८६.९ | गन्यापधुरा १, भतकाडा |
| २ | निरपाल सा.ब.उ.समुह गन्यापधुरा १ | सल्ला | ७७ गोलिया थान | १११८.२ | गन्यापधुरा १, भतकाडा |

**Kuwait रोजगार** CHAI TALQEMAH SNACKS COMPANY
पुर्व स्वीकृती मिति: २०८१/११/१ चलानी नं. ६०२३२९६९ LT No.: 318037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Waiters | 2 | 3 | | 130 | ५८,२००।- | | | | | छ | | |

अन्तरवार्ता २०८१ फागुन ९ गते (21 Feb., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL: gulfstaroverseas.com

**UAE मा रोजगार**
कम्पनी: UNITED GROUP HOLDING शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/०३/२१ चलानी नं.:६०२२२०३२ LT. No.: 293999 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dog Handler/Filling Clerk/Archive Clerk/Helper/Dog | 194 | 0 | स. काममा दक्ष | 1350 | ५०,९८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता एयरपोर्ट होटेल बसुन्धारा ब्याङ्क्युट काठमाडौंमा मिति २०८१ फागुन ९ र १० गते (21 & 22 February 2025) मा हुनेछ ।

कम्पनी: NATIONAL CATERING COMPANY LIMITED- SOLE PROPRIETORSHIP LLC शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०९/१३ चलानी नं.:६०२१२८३२ LT. No.: 297440 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 97 | 91 | स. काममा दक्ष | 800 | ३०,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

**साउदीमा रोजगार**
कम्पनी: AL MANDARYAH CONTRACTING COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/१०/३० चलानी नं.: ६०२३२९७० LT. No.:318766

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ६६,५८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

**युएईमा रोजगार**
कम्पनी : AL MARWAN GENERAL CONT.CO.LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/३० चलानी नं.: ६०२२८०६२ LT. No.:313657 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 35 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 11 | 0 | | 1000 | ३७,७७० | | | | | | | |
| 3. | Mason. | 50 | 0 | | 1200 | ४५३२४ | | | | | | | |
| 4. | Pipe Fitter | 20 | 0 | | 1200 | ४५३२४ | | | | | | | |
| 5. | Steel Fixer | 35 | 0 | | 1200 | ४५३२४ | | | | | | | |

कम्पनी : AL MARWAN GENERAL CONT.CO.LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/२९ चलानी नं.: ६०२२८००१ LT. No.:313658 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crane Operator | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2800 | १०५७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Excavator Jcb Shovel Operator | 16 | 0 | | 2000 | ७५५४० | | | | | | | |
| 3. | Heavy Equipment Opretators Bull Doz | 27 | 0 | | 2400 | ९०६४८ | | | | | | | |
| 4. | Heavy Truck Drivers | 31 | 0 | | 2300 | ८६८७१ | | | | | | | |
| 5. | Trench Digger Oprator | 35 | 0 | | 2300 | ८६८७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
Mobile: 9851008664, 9847275969, 9801232406, 9851032593, 9851190207, 9863775437, 9851071822.

# Invitation for Bids

## Sajeelal Secondary School

**Sundarhariancha-6, Morang, Koshi Province, Nepal**

### Invitation for Electronic Bids

### Procurement of Works

**Date of publication: 2081/11/02**

1. The Shree Sajeelal Secondary School invites electronic bids from eligible bidders for the procurement of Construction of Class block of Shree Sajeelal School under **NCB** bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Sundarharaincha Municipality, Biratchowk, Morang, Koshi Province, Nepal or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document Fee in the following bank.
   **Name of the Bank: Rastriya Banijya Bank**
   **Name of the Office: Shree Sajeelal Madhyamik Bidhyalaya**
   **Office Account No.: 2550100001093001**
   **Rajaswa Shirshak no:**
   **Office code no:**
4. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at the office of Shree Sajeelal Secondary School, Dulari, Morang. Bids must be valid for a period of **90 days** counting from the day of bid opening amounting to a minimum of as stated in table below, which shall be valid for minimum **30** days beyond the bid validity period. For Cash Deposit Bank details:
   **Name of the Bank: Rastriya Banijya Bank**
   **Name of the Office: Shree Sajeelal Madhyamik Bidhyalaya**
   **Office Account No.: 2550100001093001**
5. If the Bid opening day falls on a government holiday, then the bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np or school's notice board.
7. The Employer reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 9852066111, 9852032607.

| S. N. | IFB No./Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT & PS) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SSC/SHM/MOR/W-1/2081/082 | Procurement of Construction of Class Block of Shree Sajeelal Secondary School | 9851912.91 | 3000 | 286000 | 2081/12/03 12:00 noon | 2081/12/03 02:00PM | NCB |

**Principal**

**Province Government**
**Ministry of Water Supply, Irrigation and Energy**

## Water Resources & Irrigation Development Division

**Sankhuwasabha**
**Koshi Province**

### Notice For Financial Bid Opening

**Date of Publication : 14 February, 2025**
**Irrigation Modernization Enhancement Project (IMEP)**

With reference to the tender notice published on **12th July 2024**, in Himalaya Times national daily for the following contracts, it is for the notification to all the bidders that, the following bidders have been evaluated to be Responsive/Non Responsive. The financial bid of the Responsive Bidder will be opened on **20th February 2025 at 11:00 Hr** at Water Resources and Irrigation Development Division, Sankhuwasabha in the presence of bidders' representatives who choose to attend. The financial bid of all Non Responsive bidders shall be returned unopened.

| S.N. | Contract No. | Name of Project | B.N. | Name and Address of Bidders | Remarks |
|---|---|---|---|---|---|
| 1 | IMEP/Sankhuwasabha/B-1a/CW-20 | Construction of Canal and Canal related structures of Kenwa Khola Fituwa Malibheg ISP, Dharmadevi-09, Sankhuwasabha (IMEP) | 1 | Y.P.R Nirman Sewa Pvt. Ltd, Dhankuta-07 | Responsive |
| | | | 2 | UD Builders Company Pvt. Ltd, Bhojpur 5 | Responsive |
| | | | 3 | Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu | Responsive |
| | | | 4 | New Deep Jyoti Nirman Sewa, Sarswati Marga-8 | Responsive |
| | | | 5 | Chemjong Construction Pvt. Ltd, Falgunanda-7, Panchthar | Responsive |
| | | | 6 | Praman Builders Pvt. Ltd, Lekhnath-5, Kaski | Responsive |
| 2 | IMEP/Sankhuwasabha/B-1a/CW-21 | Construction of Canal and Canal related structures of Pangma Khola Badareni ISP, Khadbari-7&8, Sankhuwasabha (IMEP) | 1 | Y.P.R Nirman Sewa Pvt. Ltd, Dhankuta-07 | Responsive |
| | | | 2 | R K Builders,Biratnagar Municipality -03 | Responsive |
| | | | 3 | Prithivi-Prime JV, Tarkeswar, Kathmandu | Responsive |
| | | | 4 | Praman Builders Pvt. Ltd, Lekhnath-5, Kaski | Responsive |
| | | | 5 | Chemjong Construction Pvt. Ltd, Falgunanda-7, Panchthar | Responsive |

**DIVISION CHIEF**

## नेपाली रेडियो नेटवर्कद्वारा एआई नीति जारी



**काठमाडौं/मस-** 'नेपाली रेडियो नेटवर्क'ले 'कृत्रिम बुद्धिमता( आर्टिफिसियल इन्टेलिजेन्स(एआई)' नीति जारी गरेको छ। 'विश्व रेडियो दिवस'को अवसरमा बिहीबार एक कार्यक्रमकाबीच उक्त नीति जारी गरिएको हो ।

एआईका सही, जिम्मेवार र विश्वसनीय प्रयोग गरी रेडियो सामग्री उत्पादनदेखि प्रसारणसम्मका कार्य गर्ने उद्देश्यले एआई नीति जारी गरिएको रेडियोका समाचार निर्देशक जीवन भण्डारीले जानकारी दिए ।

एआई नीतिमा एआईको प्रयोग गर्दा सही तरिकाले जिम्मेवार र विश्वसनीय हुनेगरी मात्रै गरिने, कुनै पनि रेडियो सामग्री संकलन, लेखन, निर्माण, सम्पादन र प्रकाशन वा प्रसारणमा एआईको उचित प्रयोग गरिने, एआईको प्रयोग भएमा त्यसको जानकारी गराइने, एआईको प्रयोगबाट कुनै गल्ती कमजोरी र हानी भएमा त्यसको जिम्मेवारी सञ्चारमाध्यम र पदाधिकारीहरूले नै लिइने, समाचार तथा कार्यक्रम र विज्ञापन उत्पादन तथा प्रसारणका सिलसिलामा एआईको प्रयोग गरेपनि अन्तिम निर्णय मानव पदाधिकारीबाट नै गरिने उल्लेख छ ।

त्यसैगरी एआईमार्फत सिर्जित सबै सामग्रीको पुनः परीक्षणपछि मात्रै प्रयोग गरिने, एआईको प्रयोगकै कारणले मानव शक्तिलाई विस्थापित नहुनेतर्फ भर मजदूर प्रयास गरिने, एआईको प्रयोगका लागि जनशक्तिलाई अभिमुखीकृत गर्दै सक्षम बनाइने, एआईको अभ्यासबाट प्राप्त तथ्य, तथ्यांक तथा सिर्जनाहरूको प्रतिलिपि अधिकार ख्याल गरिने, एआईको सहयोगमा तयार पारिएका सामग्रीबारे गुनासो लिने र सुनवाई गर्ने व्यवस्था गरिने व्यवस्था पनि नेपाली रेडियो नेटवर्कको नीतिमा लेखिएको छ ।

एआई नीति घोषणा कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले नेपालमा अन्य मिडियाहरूले एआई नीति जारी गरेको आफूलाई जानकारी नभएको उल्लेख गरे ।

नेपाली रेडियो नेटवर्कले एआई नीति जारी गरी सिंगो देशलाई नै एआईप्रति थप जिम्मेवार र जवाफदेही बन्न प्रेरित गरेको उनको भनाइ थियो । अध्यक्ष बस्नेतले एआई नीति सफल कार्यान्वायनको लागि आवश्यक सहजीकरण गर्ने र नेपालमा रहेका अन्य एआई प्रयोगकर्ताहरुलाई पनि यसतर्फ प्रेरित गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा 'नेपाली रेडियो नेटवर्क'का अध्यक्ष ऋषी धमलाले नीति पूर्ण रुपमा कार्यान्वायन गर्ने अठोट व्यक्त गरे। उनले नेपाली रेडियो नेटवर्क विश्वमा विकसित सूचना प्रविधिहरुको उचित सदुपयोग गरी आम श्रोतामा विश्वसनीय समाचार सम्प्रेषणमा अग्रसर रहेको बताए । उनले एआई जस्ता प्रविधिको प्रयोगले रेडियोहरूलाई थप प्रभावकारी बनाउने आशा व्यक्त गरे ।

# शिक्षा नीति बहसमा कांग्रेसको तरुण विमर्श

**काठमाडौं/मस-** प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसले शिक्षा नीति बहसअन्तर्गत तरुण विमर्श गरेको छ । केन्द्रीय सदस्य नैनसिंह महर नेतृत्वको शिक्षा विभागले बिहीबार पार्टी केन्द्रीय कार्यालय सानेपामा एक कार्यक्रमबीच तरुणहरूसँग शिक्षा नीति बहस गरेको हो ।

कार्यक्रमकी प्रमुख अतिथि एवं सहमहामन्त्री डिना उपाध्यायले सदनमा थन्किएर बसेको शिक्षा विधेयक निर्माणका लागि कांग्रेसले बहसलाई तीव्रता दिएको बताइन् । उनले शिक्षा विभागले बहसलाई तिव्रता दिनु निकै स्वागतयोग्य रहेको र यसमा पार्टीको पूर्ण साथ रहने प्रतिवद्धता जनाएकी छन् । 'तरुणले शिक्षाका मुद्दा उठानमा विशेष जोड दिनुपर्छ । शिक्षा विभागले कांग्रेस केन्द्रीय समितिको निर्णय अनुसार



शिक्षाका मुद्दा बोकिरहेको छ । यसमा पार्टीको पूर्ण साथ हुन्छ । शिक्षा विभागले बनाएको नीति पार्टीको महाधिवेशनबाट पारित गरेर नीति बनाउँछौं,' उनले भनिन् ।

यस्तै शिक्षा विभाग प्रमुख महरले शिक्षालाई जीवनोपयोगी बनाउन सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । 'शिक्षालाई विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने खालको कसरी बनाउने ?, अध्यापन गराउने शिक्षकका सेवा सुविधाका बारेमा के गर्ने ?, व्यवस्थापन समिति र अभिभावकको जिम्मेवारी के हुने ?, राज्यले कति लगानी गर्ने? भनेर शिक्षाको गुणस्तर अभिवृद्धिका लागि सरकार प्रस्ट हुनुपर्छ,' उनले भने ।

निःशुल्क शिक्षाको संवैधानिक प्रावधान कार्यान्वयन गर्न कांग्रेस प्रतिबद्ध रहेको र सरकारलाई आफूहरूको यही दबाब हुने उनले प्रस्ट पारे । सबैबाट संकलित सुझाव सरकारलाई बुझाएर विधेयकमा समावेश गरिने उनले बताए। 'शिक्षा क्षेत्रले नयाँ प्रगतिका आयाम खोजेको छ । ती आयाम छन् । नेपालमा कानुन नै नबन्नु दुखद विषय हो। हिउँदे अधिवेशनमा यसको हल खोजिनुपर्छ,' उनले भने। उनले तरुणमा जोश हुने भएकाले वर्तमान समयका आवश्यकता बोक्दै राज्यलाई दबाब दिन चुक्न नहुने सुझाव दिएका छन् ।


## यूएईमा रोजगार

कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE LL.C — शहर : AJMAN
पूर्व स्वीकृत मितिः २०८१/१०/३० — चलानी नं.: ६०२३२९६८ — LT. No.:318791

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 24 | 0 | स. काममा दक्ष | 1200 | ४५,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन ९ गते (21 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1186/073/074

**SOLIDARITY OVERSEAS PVT.LTD**
Basundhara Chowk, Kathmandu, Nepal, Tel No.: +977-1-4357086, Fax No.: +977-1-4357086
Email: info@solidarityoverseas.com, Website: www.solidarityoverseas.com

## Absolutely Zero Cost Recruitment Opportunity In Jordan
## पूर्णतया शुन्य लागत अन्तरगत जोर्डनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BROADWAY TRADING CO.L.L.C. — शहरः AMMAN
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ — चलानी नं.: ६०२३१०८८ — LT. No.:311057

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asian Food Cook | 6 | 0 | स. काममा दक्ष | 300 | ४१६२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |
| 2. | Captain Waiter | 1 | 0 | | 350 | ४८५५९ | | | | | | | |
| 3. | Cdp (Chef De Partie) | 5 | 0 | | 435 | ६०३५११९ | | | | | | | |
| 4. | Chinese Food Cook | 4 | 0 | | 300 | ४१६२२ | | | | | | | |
| 5. | Comis Cook I | 5 | 0 | | 350 | ४८५५९ | | | | | | | |
| 6. | Comis Cook Ii | 5 | 0 | | 300 | ४१६२२ | | | | | | | |
| 7. | Executive Chef | 1 | 0 | | 950 | १३१८०३ | | | | | | | |
| 8. | Kitchen Cleaner /helper | 4 | 0 | | 300 | ४१६२२ | | | | | | | |
